
# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

**मंसीर पूर्णिमा**



लुम्बिनीमा निर्मित शान्ति स्तुप

DHARMAKIRTI

**वर्ष- १९ अङ्क- ८ वार्षिक रु. ६०/- मूल्य रु. ५/-**

## सम्पादकीय

# वर्षावासको महत्त्व

भिक्षुहरूले वर्षायाम ३ महिनासम्म एक निश्चित स्थानमा रही विनय धर्म पालन गरी जीवन बिताउने परम्परालाई वर्षावास बस्ने भनिन्छ। बुद्धले भिक्षुहरूप्रति विशेष दया माया राख्नुभई "वर्षावास" बस्ने नियम बनाइदिनु भएको हो। बुद्धकालीन समयमा कच्चि बाटोको कारणले गर्दा वर्षायाममा यातायातको राम्रो सुविधा थिएन। भिक्षुहरू भिक्षाटनको लागि र धर्म प्रचारार्थ एक ठाउँबाट अर्को ठाउँमा जाँदा खेतको आलीबाट हिंडडुल गर्नुपर्दथ्यो। यसरी खेतको आली आलीबाट हिंडडुल गर्दा थुप्रै खेत बाली नाश हुन्थ्यो। कतिपय भिक्षुहरू हिलोमा लडिन्थ्यो। पानीले रूझ्दै हिंड्नुपर्दा कतिपय भिक्षुहरू बिरामी पर्थे। त्यतिमात्र होइन भिक्षुहरूलाई खेतबाली बिगारेको आरोप पनि आउन थालियो। यी विभिन्न कारणहरूले उब्जाइएका बाधा आरोपहरूबाट बञ्चित हुनका लागि र विभिन्न ३ वटा उद्देश्यहरूलाई मध्य नजर राख्नुभई बुद्धले वर्षावास नियम बनाइदिनु भएको थियो।

(१) एक निश्चित स्थानमा रही धर्म अध्ययन गर्नको लागि।

(२) ध्यान भावना गर्नको लागि।

(३) मनगगे धर्मोपदेश सुन्नको लागि।

यसरी विभिन्न गाउँ र नगरहरूमा ३ महिनासम्म वर्षावास बसी वर्षावास सम्पन्न भइसकेपछि आफ्ना गुरु बुद्धलाई दर्शन गर्नको लागि आउँदा वर्षायामको झरीको कारणले कतिपय भिक्षुहरू पानीले निथ्रुक्क रूझिन्थ्यो पनि। पानीले चीवर निथ्रुक्क रूझे पनि भिक्षुहरूसँग त्यस समय आफ्नो शरीरमा रहेका ३ वटा चीवर बाहेक अर्को जगेडा चीवर हुँदैनथ्यो। भिक्षुहरूको लागि त्यस समय भिजेको चीवर फेर्नको लागि जगेडा चीवर नभएर धेरै समस्या पर्दथ्यो। भिक्षुहरूको यस समस्यालाई विचार पुऱ्याई वर्षावास बस्ने भिक्षुहरूको लागि कथिन चीवर दान दिने नियम बनाइयो।

तर पछि हुँदा हुँदै कतिपय भिक्षुहरूले चीवर प्राप्त गर्ने लोभ चित्त राख्दै वर्षावास बस्न थाले। भिक्षुहरूमा उब्जिएका यस्ता अकुशल चित्तलाई हटाउने उद्देश्य राखी वर्षावास बस्ने

(बाँकी कभरपेज पछाडि)

### विषय–सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | – | १ |
| २) बुद्ध धर्म दर्शन होइन | – ब.आ.कमलदीप 'साहित्यरत्न' | २ |
| ३) दास नुयेमल | – आनन्द शाक्य | ५ |
| ४) धम्मपद-१४४ | – रीना तुलाधर | ६ |
| ५) कलियुगया सन्तान अनात्म प्रमाण | – धर्म "लिप्सा" | ६ |
| ६) शान्ति र मैत्री-१० | – भिक्षु अश्वघोषद्वारा लिखित अनुदित वीर्यवती | ७ |
| ७) अनित्य सुःख दुःख | – अमृतमान शाक्य | ८ |
| ८) बाःकुलीगु ख्यला | – रामभक्त प्रधान | ८ |
| ९) कर्म र उत्साह | – भिक्षु धर्ममूर्ति | ९ |
| १०) विद्यालय हस्तान्तरण गरेर मात्र | – | ११ |
| ११) मिरलको सही अनुयायी बनूँ | – चित्ररत्न शाक्य | ११ |
| १२) थेरवाद बुद्धधर्म बुद्धकालीन ... ... | – | १२ |
| १३) सुशिला गुरुमाँ ... ... | – कृष्णलाल शाक्य | १४ |
| १४) धमापुली ज्ञानमाला, बुद्धपूजा व ... ... | – बिपेन्द्र महर्जन | १४ |
| १५) पर्यटक दम्पतीद्वारा नेपाली ... ... | – | १५ |
| १६) "कुछ खोकर पाना है ... ... | – भिक्षु आनन्द | १७ |
| १७) अज्ञानता र अन्धविश्वासले ... ... | – | [illegible] |
| १८) धर्मकीर्ति विहार – गतिविधि | – | [illegible] |
| १९) धर्म प्रचार – समाचार | – | [illegible] |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**DECEMBER 2001**

| वर्ष- १९ | अङ्क- ८ | सकिमिलापुन्ही | मंसीर २०५८ |
|---|---|---|---|





★ भिक्षुहरु, मैले (बुद्ध) डुंगाको उपमा दिई तिमीहरुलाई धर्मको उपदेश दिन्छु । डुंगा खोला तर्नको लागि काम आउँछ भनेर काँधमा बोकी हिड्दैनन् । त्यस्तै मैले भनेको धर्म दुःखबाट तर्नको लागि मात्र हो नकि बेस्सरी समाती राख्नको लागि । (मज्झिम निकाय)

★★★

★ भिक्षुहरु । मैले जुन धर्म र विनय नियमको उपदेश दिएँ, त्यो मेरो मृत्युपछि तिमीहरुको गुरु र संरक्षक हुनेछ ।

★★★

★ सुगन्धित पुष्प-धूप आदिले मलाई पुजागर्नेहरु साँच्चिकै मलाई पूजागर्नेहरु होइन । धर्मानुसार आचरण गरेको खण्डमा मात्र मलाई पूजा गरेको हुन्छ ।

★★★

# बुद्ध धर्म दर्शन होइन

-ब. आ. कनकद्वीप 'साहित्यरत्न'

**भूमिकाः**

गौतम बुद्धले दुःखी मानवजातीको उद्धारको लागि एउटा 'उपाय कौशल' पत्ता लगाएर धर्म देशना गर्नुभयो । बुद्धले उपदेश दिनुभएको धर्म भनेको त्यो मानव सिद्धान्त हो जुन कुरो बुझ्न कसैलाई पनि केही गाऱ्हो पर्दैन ।

**परिभाषाः**

'पाप नगर्नु, पुण्य सञ्चय गर्नु र आफ्नो चित्त परिशुद्धि गर्नु नै बौद्ध धर्म हो ।' - धम्मपद

**विषय प्रवेशः**

गौतम बुद्धले वेद ग्रन्थहरूलाई नमान्ने कुरोको घोषणा गरेपछि भारतका २२००० ब्राह्मणहरूले देउताको अस्तित्व बारे प्रश्नोत्तर गर्न वाराणशीमा आएका थिए । उनीहरूले बुद्धसँग प्रश्न गरे–

ब्राह्मण - के तपाईंले ईश्वर छैन भन्नु भएको हो ?

बुद्ध - सबभन्दा पहिले मलाई ईश्वर के हो भन्ने परिभाषा दिनुहोस् ।

ब्राह्मण - ईश्वर सर्वशक्तिमान परमेश्वर Omnipresent हो ।

बुद्ध - त्यसो भए म ईश्वरको खोजीमा लाग्नु पर्ने आवश्यक नै भएन । छ/छैन को कुरै नगरौं ।

ब्राह्मण - ईश्वर सर्वव्यापी छ ।

बुद्ध - मौन हुनुभयो ।

बुद्धसँग गम्भिर भएका ती सबै ब्राह्मणहरू कालान्तरमा श्रमण भए । त्यसपति बुद्धले आफ्ना श्रमण शिष्यहरूलाई दस अव्याकृति Ten-absurdities को व्याख्या गर्नुभयो । यसरी बुद्ध धर्म मान्ने बुद्धका शिष्यहरूलाई बुद्धले यस संसारमा मानिसले बुझ्न नसक्ने कुराहरू केही छैन There is no philosophy in this world भन्ने सिद्धान्तमा रहेर अति अज्ञानीदेखि ज्ञाताहरूसम्मको लागि दुःख अनित्य र अनात्म विषय सम्झाउनु भएको थियो ।

बुद्ध भन्दा अगाडि भारतमा अनेकौं पाखण्डीहरू ईश्वर, स्वर्ग, नरक, अलौकिक शक्ति इत्यादिको व्याख्या गरेर नै मानिसलाई तर्साउने, आशा देखाउने अद्भूत चमत्कार देखाउने (चटक) इत्यादिमा फंसाइ-रहेका थिए ।

उनीहरूले मानवसमाजलाई जतिसक्यो उत्ति अन्धविश्वासमा दवाई राख्ने गर्थे । मानिसहरू Region of terror under the believe of God and super-unnatural powers मा थिए ।

त्यसपछि आजभन्दा ८०० वर्ष अगाडि पनि बुद्ध धर्म भित्र बज्रयानले शाक्यमुनी गौतम बुद्धको सिद्धान्तलाई बुद्धको वासना क्षय सिद्धान्तलाई वासना शोधनको कुरोमा बदलिदिए । त्यागको भावना जगाईदिनुको सट्टा मात्सर्यमा भुलाई दिए । उदाहरणको लागि बुद्धले ग्रन्थहरूको प्रमाण नमान्नु भनेका थिए । नव बौद्धहरूले 'सहजयान, गुह्य समाजतन्त्र र मन्त्रणयको ग्रन्थहरू प्रस्तुत गरे ।

प्रत्यक्ष वा परोक्ष रूपले होम, हिंसा र यौन-हवसको प्रक्रिया ल्याइदिए ।

आज पनि भारतबाट असंख्य पाखण्डीहरू हाम्रो देशमा महाज्ञानी, सन्त, महात्मा इत्यादी भनिनेहरू आएर ज्ञान-गुणको चर्चा गर्ने गर्छन् । ती मानिसहरूको पछि पछि लाग्ने नेपालीहरूको पनि कमी छैन ।

स्मरणरहोस्, नेपालका मुटुरोगीहरू कुनै बाबाको औंठी लगाएर निको पार्ने विश्वासमा पनि रहेका छन् । यी यस्ता अन्धविश्वासहरू हुन् जसलाई बुद्धले मानेका पनि छैनन् । ऋद्धिपादलाई स्वीकार्ने कुनै पनि प्रतिक्रियालाई स्वीकारेका छैनन् ।

बौद्धलाई फलित ज्योतिषीमा समेत विश्वास गर्न लगाइएको छैन । त्यसैकारण बुद्ध धर्ममा दर्शन शास्त्र भनेर त्यो दर्शन बुझ्नको लागि माथापच्चिसी गर्नुपर्ने कुनै कुरो रहेको पनि छैन ।

बौद्धहरू ४ प्रकारका थिए । एक वैभाषिकहरू जसले नीर्द्वन्दताको लागि परिभाषा खोज्न द्वन्दात्मक धारणा राख्नु र त्यसबाट सबै कुरो (बुद्धोपदेश) छर्लङ्ग



Downloaded from http://www.dhamma.digital

पार्न सक्ने भएका छन् । बौद्ध धर्मको कुरोमा कुनै रहस्य छैन भनेर बुझेका छन् ।

दोस्रो सौत्रांतिकहरू बुद्धका उपदेश सुत्रहरू रिठ्ठो न विराइकन अध्ययन गर्छन् ।

माध्यमिकहरू मध्यम मार्गमा नै लागेका छन् । स्थविरवादीहरू स्थायी छन् । योगाचारीहरू योगलाई ध्यानमा परिणत गरेर समथ ध्यान गर्दैछन् । कुनै विवाद छैन । बहस छैन । सबैले चतुआर्यसत्य मानेका छन् । अनित्य बुझेका छन् । अनात्मवादी नै छन् ।

त्यसोभए तापनि बुद्ध धर्म विथोल्न भारतका कतिपय पाखण्डी मानिसहरू बुद्ध जस्तो महा-मानवलाई तल ओराल्नको लागि 'विष्णुको अवतार' भन्ने गर्छन् भने कोही चाहीं बुद्धका उपदेशहरू सबै हिन्दू कुराहरू हुन् भनीदिन्छन् ।

यी यस्ता सबै मेल नखाने कुराहरूलाई चेतनशील बुद्धमार्गीहरूले कुनै हालतमा पनि मानेका छैनन् ।

बुद्ध धर्म पनि एउटा 'दर्शन' हो भनेर फजुलको कुरा बुट्टा भर्न बौद्धहरू चाहँदैनन् र आवश्यकता नभएको कुरो पनि हो । बौद्ध धर्मका विद्वान भनिने भारतका एकजना व्यक्तित्व आचार्य नरेन्द्रदेवले बौद्ध धर्म व्याख्यान गर्न एउटा पुस्तक नै लेखेर त्यो पुस्तकको नाम मै बौद्धधर्म दर्शन राखेका छन् ।

उनले बौद्ध धर्मको व्याख्या गर्दा दर्शन भन्ने शब्दको कुनै परिभाषित औचित्य दर्शाएको भने केही छैन । विज्ञान सम्मतलाई विज्ञान-सम्मत नै भनेका छन् । अन्धविश्वासी महायानको सिद्धान्तहरूलाई अन्धविश्वास कै सामग्री हुन् भनी दिएका छन् ।

राहुल साँकृत्यायनले त प्रष्ट रूप मै बुद्ध अनिश्वरवादी हुन् भनेका छन् । बुद्धलाई लोकोत्तर (Super-natural being) भन्नेहरूको कथा ८०० वर्ष अगाडिका वैपुल्यसुत्रहरू मात्रै हुन् । उनीहरू बुद्ध मायादेवीको काखीबाट फुत्त निस्केका हुन् भन्ने रमाइलो कथा हाल्छन् । बुद्धलाई ब्रह्माले समेत जन्मिनासाथ 'हल्लो' भन्न आएका हुन् भन्छन् ।

बुद्धलाई ब्रह्मा, विष्णु, महेश्वरले पनि पुजा गर्छन् भन्ने प्रसंग ललितविस्तर नव:ग्रन्थमा छन् । त्यो सबै अवदान कथा झैं हो । ईश्वरीय बनाउन खोजिएको छ ।

बुद्धले आफ्नो धर्मदेशनामा धर्म (मानवताको सिद्धान्त) भनेको हेतु बुझ्ने कुराका विषयहरू हुन् भनेका छन् ।

जुनसुकै कुरोको पनि कारण हुन्छ भन्ने हेतु प्रत्यय (प्रतित्य समुत्पाद) व्याख्या गरेका हुन् । दु:खको मूल कारण "पञ्च स्कन्धलाई राम्रोसँग केलाएर बाँच्न आर्य अष्टांगिक मार्ग बताएका हुन् ।"

"वासना क्षय गरेर बाँच्न सके राम्रो निन्द्रा लाग्छ । आफूले मनपराएको मानिससँग बिछोड हुनु पर्दैन । अलौकिक टण्टाबाट पनि विमुक्ती मिल्छ । पँचशील पालन गर्नाले आपद, विपद र संकट आउँदैन भनेको हुन् ।

बौद्ध धर्म श्रमण परम्परा हो । बुद्धले भिक्षुहरूले धर्मदेशना गर्दा श्रमणहरूलाई न बुझिने भाषामा, नभए नभएको कुरो व्याख्या गर्दैनन् । गर्दैनथ्यो पनि । बुद्धलाई ऋद्धिप्राप्त गरेको व्यक्ति उनी उडेर पनि एक ठाउँबाट अर्को ठाउँमा पुग्न सक्छन् भनेर व्याख्या गरे तापनि "त्यो होइन" भनेर नै जोड्तोड्का साथ खण्डन हुन्छ । यस्तो कुरो न भुतो न भविष्यति हो । बरू बुद्ध झैं अर्को एकजना व्यक्तित्व "मैत्रेय बोधिसत्व" को परिकल्पना भने सबैले गरेका हुन् । इशाईहरू इशालाई मसिह (मैत्रेय) मान्छन् । मुसलमानहरू महम्मदलाई नै मसिहा भन्ने गर्छन् । संसारका सबै मानिसहरूले एकजना विश्व शान्तिको प्रतिक कल्याण मित्रको कामना गर्नु स्वाभाविकै हो ।

यत्ति हो । ईश्वरसँग मैत्रेय: व्यक्तित्वसँग इश्वरको कुनै सम्बन्ध हुनसक्दैन ।

बुद्ध धर्ममा अज्ञानीहरूलाई ज्ञानद्वारा परिवर्तन गर्न सकिन्छ कि भन्ने प्रयासको उपाय छ ।

बुद्ध धर्मका मानिसहरू आफ्नो जीवन साकार पार्न आफ्नो प्रकाश आफैं होऊ भन्ने धम्मपदको कुरो अक्षरश मान्ने गर्छन् । भक्तिमार्ग बुद्ध धर्मको कुरो होइन । परमार्थ सत्य बुझ्ने प्रयत्नको लागि बौद्धहरू आफैं लाग्छन् ।

अकुशल कर्म गर्नु हुन्न भन्ने चेतना उनीहरूमा हुने गर्छ । आफ्नो मिहेनतको सफलता ईश्वरको निगाह

वा "भगवान देतो झपड् फाडके" परिभाषा गर्दैन ।

अक्ष्योभ्यव्युह (ध्यानागार) ध्यान कुटीमा बसेर चेतना जाग्रित गरिरहनको लागि विपश्यना गर्छन् । तर, विपश्यना योग वा "योगश्चित्तवृत्ति निरोध" को सिद्धान्तमा होइन । तन्त्रनय/मन्त्रनय पक्कै पनि बुद्धको सिद्धान्त होइन । मन्त्र बुझ्नु पर्छ । तन्त्र बुझ्नु पर्छ ; भन्ने झन्झट बुद्धमार्गीहरूको नै होइन ।

हामी अजातशत्रु पाल्दैनौं । हामीमा अहँकार छैन । कसैसँग बदला लिने भावना हाम्रो छैन । शत्रुता, अशत्रुताबाट शान्त पार्छौं । शत्रुलाई मित्र बनाउँछौं ।

**हामीलाई थाहा छः**

"झगडाले दुवैको नास हुन्छ ।" सत्यको जय असत्यको हार भन्ने कुरोमा हामी विश्वास गर्दैनौं । बल्कि प्रमादीको हार र अप्रमादीको जीत हामी देख्छौं । हामीलाई गीता जस्तो द्वैध Double-role अर्थको ज्ञान चाहिंदैन ।

**अद्वैत-दर्शन हाम्रो होइनः**

हामीसँग पनि "जातक माला" छ । तर त्यसो भन्दैमा हामी त्यो उदाहरणको लागि भनेर राखिएको कुराहरू "हो" भनेर लागेका छैनौं ।

अवतारवाद काल्पनिक हुन् भन्ने कुरो हामीलाई थाहा छ । अवतार वा पुनः जन्मको व्याख्या बौद्ध धर्ममा आवश्यक छैन । यद्यपि, हामीसँग अर्हत, सकृदागामी, अनागामीको कुरो प्रस्ट छ । यो कुनै दर्शन शास्त्रको विषय होइन । प्रतित्य एवं प्रतित्यसमुत्पाद हो । हाम्रो धर्मको अधिष्ठान मनको शुद्धि हो । अरू रहस्य छैन ।

हामीसँग अध्यात्मता (पुरातन अध्यात्मवाद) पनि छैन । छ भने मानवताको स्वभावबाट आउने केही सनातनीय परम्परा लचिलो अवस्थामा मात्र छ ।

ईश्वर पुजन, भजन, कीर्तन, इत्यादि बौद्धहरूको काम होइन । बौद्धहरूसँग परमार्थ सत्य खोज्ने, बुझ्ने, सुन्ने उपाय छ । व्याख्या छ । हामी विश्वका सबै मानवजातीलाई आफ्नै ठान्छौं । आर्य/अनार्यको भेद गर्दैनौं ।

**विपश्यना, समथा, मैत्रेय, ध्यान गर्ने गर्छौं ।** अनात्मभाव हामीसँगै छ । त्यसकारण बुद्ध धर्म-दर्शन भनेर उल्लेख गर्नुपर्ने खास कुराहरू केही छैन ।

**फरक मतको विवेचनाः**

पाँचौदेखि सातौं शताब्दीसम्म महायान भनेर श्रावकयानबाट छुटेर अलग्गै संघ स्थापना गर्न गएकाहरूले श्रावकयानलाई हीन (साँघुरो) मानेर हीनयान नै भनेका थिए । त्यसपछि उनीहरूले ३ वटा काम गरे–

१. विशुद्धी मग्गो अर्थात् विशुद्धीमार्गको स्थापना ।

२. ध्यानको महत्वमा ध्यान
"यम्हि झानं च पञ्ञा, च स वे निब्बान सन्तिके" - धम्मपद, ३७२ ।

३. माहात्म्य, स्तोत्र, धारणी र तन्त्रको प्रादूर्भाव ।

नेपालका तान्त्रिक गुरु शान्तदेवले "श्री गुह्य समाज महायोग तन्त्र बलि विधि" पुस्तक एवं "चर्याचर्य विनिश्चय" पुस्तकहरू एवं ताल पत्रमा लेखिएका तन्त्र मन्त्रका पाना/पत्रहरू हाम्रो वीर पुस्तकालयमा थियो । शायद यी पुस्तकहरू अब राष्ट्रिय अभिलेखालयको क्याटलगमा दर्ता छ । यो श्रावकयानसँग केही फरक मत राख्ने बौद्ध उसैवेला शान्त रक्षितका शिष्य गुरु पद्मसम्भवले तिब्बतमा यस्तै प्रकारको बौद्धधर्म स्थापना गरेका थिए । यसै धर्ममा अवतार, अलौकिकता र आध्यात्मिक चमत्कारले पनि मान्यता पाएर अर्को भूतप्रेत तन्त्र Demonology को पनि प्रादूर्भाव भएको थियो ।

**हिजो आजको बुद्ध धर्मः**

विश्वमा एक तिहाई (तीन खण्डको एक खण्ड) जनसंख्याले हालसम्म बुद्ध धर्म मान्दै आएका छन् । उनीहरू पंचशील मान्छन् । शान्ति, सद्भाव र विश्वभ्रातृत्वमा विश्वास गर्छन् । मैत्रेय् सम्बन्धमा पनि लालायित यी बुद्धका अनुयायीहरूलाई बौद्धहरू हुन् ।

बुद्ध धर्म जुनसुकै अरू धर्मकाले पनि मान्न सक्छन् । किनभने बुद्ध धर्म (धर्म अथवा इश्वर/इश्वरहरूसँग सम्बन्धित नभएको हुनाले अरू जुनसुकै धर्मावलम्बीहरूले पनि आफूलाई चाहिए जतिको कुरो लिन सक्छन् । तपाई इशाई वा जो सुकै होस् । विपश्यना गर्न आउनुहोस् । अथवा पञ्चशील मात्रै पालन गर्नुहोस् । अथवा मैत्रेय सिद्धान्त अपनाउनुहोस् । अथवा विश्व भ्रातृत्वको नारा लगाउनुहोस् अथवा दुःख अनित्य, अनात्म बुझ्नुहोस् ।



Downloaded from http://www.dhamma.digital

बौद्धहरूसँग दु:ख, अनित्य र अनात्म बुझाउने सयौं तौर तरिकाहरू उदाहरण सहित छ र यही कुरो Axiom अकाट्य सिद्धान्त प्रमाणित हुन्छ। बुद्ध धर्ममा अलौकिकताको, धर्मको फलप्राप्ती वा परिणामको आशा देखाउनु पर्ने, स्वर्ग, नर्कको व्याख्या गर्नुपर्ने खास कुरो केही छैन।

**सबैलाई मन पर्ने धर्मः**

जति समझदार सही विद्वान र वैज्ञानिक छन् उनीहरू सबैलाई बुद्ध धर्म किन मनपर्छ भने यसमा कुनै वाद/विवाद Controversial-matters हरू छैनन्। त्यसैले यहाँ केही उक्तिहरू प्रस्तुत छ–

(क) बुद्ध एक नेपालको मात्र नभै विश्व महान पुरुष हुन्। - ऊ थान्त

(ख) म बुद्ध धर्म मात्रै मान्छु। - वर्ट्रेण्ड रसेल।

(ग) बुद्धमूर्तिले हरेक चिन्तनशील व्यक्तिलाई प्रेरित गर्छ। - हजरत इलायत खाँ

(घ) बुद्ध धर्म सबैको लागि ऋणी छ। - महात्मागान्धी।

(ङ) बुद्ध धर्म जीवन पद्धति हो। - दलाई लामा।

(च) आधुनिक विज्ञानसँग मिल्ने धर्म बुद्ध धर्म हो। - आइन्स्टाइन।

(छ) बुद्ध धर्म र आधुनिक विज्ञानमा घनिष्ठ सम्बन्ध छ। - सर एडवीन आर्नोल्ड

**उपसंहारः**

बुद्धका पालामा किसान/मजदुर समेतले बुझ्न सक्ने उत्तर भारतदेखि लुम्बिनी कपिलवस्तुसम्मको सरल भाषा पालिमा "बुद्ध धर्मोपदेश" गरिएको थियो जुन उपदेशहरूमा कुनै न बुझिने सिद्धान्त छैन। विधि छैन। सरल जीवन बिताउन सक्ने कुरो धम्मपद र मंगलसुत्त छ। त्यसैकारण, यस धर्मलाई दर्शनको रूपमा मान्नु आवश्यक छैन।

दर्शन भनेर कुनै रहस्य यसभित्र छैन। आवश्यक त यो छ कि चतुआर्य सत्य बुझिदिनु छ। मध्यम मार्गलाई हृदयंगम गर्नु पर्छ।

**पुनश्चः**

- बुद्धको समुच्चा विषय
- पुर्नजन्मको विश्लेषण कर्म विपाकलाई नाघेर पनि बुद्धले झैं आफूले पनि महा परिनिब्बाण प्राप्त गर्न सकिन्छ। अथवा पतिच्च समुत्पादको कुरो यो हो।
- अनात्मा
- अनित्यता
- दु:ख
- तथा संघमा रहेर बुद्धत्वको लागि धर्म गर्ने (कुशल कर्ममा लाग्ने) एवं सबैको कल्याण मित्र हुने बाहेक अरू कुरो केही छैन।
- यस सिद्धान्तमा (बौद्ध धर्ममा) अप्रमादी भैरहने बौद्धहरूले दस स्मृतिमा रहने हुँदा स्मृतिबोध्यंग्य प्राप्त गरेको हुन्छ।

**सन्दर्भ पुस्तकः**

उपाय कौशल - सद्धर्मपुण्डरिका, दस अव्याकृत - बौद्ध दर्पण, वासनाक्षय - बौद्ध धर्म दर्शन, ग्रन्थहरूको प्रमाण न मान्नु - बौद्ध दर्शन-राहुल सांकृत्यायन, गुह्ययान-नव ग्रन्थ, बौद्ध धर्म दर्शन - आचार्य नरेन्द्र देव, अवदान कथा - बौद्ध धर्म दर्शन, श्रमण - स्वर्णस्मारिका ललितपुर, मैत्रेय वोधिसत्व - आनन्द भूमि, विशुद्धीमग्गो (पाली), बौद्ध धर्मको मिमांसा -

## दास जुयेमत

*- आनन्द शाक्य*

दास जुयेमते पासा भवतृष्णाया
अति दु:ख सियेमालि रे ॥धु॥

अनथन मदेक, उगु थुगु मदेक
ज्याः ब्वया व्है छंत
न्ह्याको हे याःसां गवले नं वं
जस विइ मखु छंत ॥१॥

सन्तोष कायेगुला गुवलें मसःम्ह
व थुलि कपटी कि ?
छंगु हि चःति हाःगुया मू वं
गवले जक थ्वीकि ? ॥२॥

थुकथं जन्म जन्म पतिकं
शोषण यायां झीत
भव-जंजाले चाः जक हीकाः
तैतल न्हां झीत ॥३॥

# धम्मपद-१४४

✍ रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

**हंसा दिच्चपथे यन्ति - आकासे यन्ति इद्धिया
नीयन्ति धीरा लोकम्हा - जेत्वा मारं सवाहिनिं**

*अर्थ*- हंसादि पंक्षीहरू आकाशमा उड्छन्, ऋद्धि बल प्राप्त भएका व्यक्तिहरू आकाश मार्गबाट भ्रमण गर्छन्, ज्ञानीजनहरू जसले आफ्नो मनको शक्तिले मृत्युलाई समेत जितीसकेको हुन्छ, त्यस्ता धीरहरू निर्वाणमा पुग्छन् ।

घटना- उपरोक्त गाथा गौतम -बुद्धले जेतवनमा बस्नुभएको बेला तीस जना भिक्षुहरूको कारणमा भन्नुभएको थियो ।

एकदिन जेतवन विहारमा बाहिरबाट आएका तीसजना भिक्षुहरूको समूहले तथागत बुद्धलाई भेटेर बुद्धको धर्मोपदेश श्रवण गरीरहेका थिए । त्यही समयमा आनन्द भिक्षु दिनहुँ जस्तै शास्ता बुद्धको लागि चाहिने सेवा सत्कार गर्छु भनी बुद्धकहाँ आइपुगे । गौतम बुद्धको सामू तीस जना भिक्षुहरू धर्म उपदेश सुनीरहेको देखेर आनन्द भिक्षुले "ती बाहिरबाट आएका भिक्षुहरू नफर्कुन्जेल बाहिरै कुरेर बसुंला" भन्ठानी गन्धकुटीको बाहिरपट्टि ढोकामा उभीरहे । तथागत बुद्धले ती तीसजना भिक्षुहरूको समूहसँग कुशल वार्ता गरेपछि उनीहरूलाई सुहाउँने धर्म उपदेश दिनुभयो । बुद्धको उपदेश सुन्दा-सुन्दै ती भिक्षुहरू सबैले ऋद्धि सहित अरहत्व प्राप्त गरे । उत्तिखेरै अरहत्व प्राप्त गरेपछि बुद्धलाई वन्दना गरेर त्यहिंबाट ऋद्धिको बलले आकाश मार्गबाट प्रस्थान गरे ।

बाहिर कुरेर बसेका आनन्द भिक्षुले धेरै नै बेर लगाएछ, भित्र हेर्न जानुपर्‍यो भन्ठानी भित्र गयो । भित्र एकजना पनि भिक्षुलाई नदेखेपछि आनन्दले तथागत बुद्धसँग सोधे- "भन्ते भरखरै यहाँ तपाईको सामू तीसजना भिक्षुहरू भेला भएर उपदेश सुनीरहेको देखेथें । अहिले भने कोही पनि देखिदैन । तिनीहरू कहाँ गए ?"

बुद्धले भन्नुभयो- "तिनीहरू फर्कीसके" आनन्दले आश्चर्य मानेर सोधे- "कुन बाटो भएर गए कुन्नि । म त बाहिरै पर्खीराखेंको थिएँ ।" तथागत बुद्धले भन्नुभयो- "तिनीहरू आकाश मार्गबाट फर्केका हुन् ।"

आनन्दले पुन: सोधे- "कसरी भन्ते ? के तिनीहरू सबै क्षीणाश्रव भइसकेका हुन् ?"

बुद्धले भन्नुभयो- "हों आनन्द । अहिले भर्खरै मसँग धर्म देशना सुन्दासुन्दै ती तीसै जना भिक्षुहरूले अरहत्व लाभ गरेर गए ।"

त्यही समयमा आकाशमा एक बथान राजहंसहरू उडीरहेको देखाएर भगवान बुद्धले आनन्दलाई भन्नुभयो- "हे आनन्द ! जसले चार ऋद्धिपादको राम्ररी भाविता गर्छ त्यसले ती आकाशमा उडीरहेको पंक्षीहरू झैं आकाशमार्गबाट उड्न सक्छन् ।"

यसरी आज्ञा भएर बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

## कलियुगया सन्तान अनात्मा प्रमाण

- धर्म "निभा"

न शिक्षाया प्रयोजन
न धर्मया मतलब
न आदर-गौरवया भाव
बरु स्वार्थया सवाल
अपमानया व्यवहार ॥

मचाबले शिना वनी धका धन्दा
आ स्या पै धका धन्दा
काय् म्ह्याय् पिनिगु छुं भर मदु
कानूनयागुनं छुं आश मदु ॥

सत्यदेवि थ्राप व्यूगु देश
स्वार्थया नकाबधारी भेष
उमेर दतले छन्द छहारी
गुबले ज्वीमखु रोमाञ्चकारी
महात्मातय्गु भविष्य वाणि
साकार जुया वल सन्तानतय्गु वाणि ॥

कलियुगया सन्तानत
नरक लोकया भोगीत
कायमचा बुल धका माँ बौ दङ्ग
आ धम्की ब्यूबले झसँग
न्हापा न्हापाशा मस्त गयायमा
आ:ला माँ बौहे खवायमा ॥



Downloaded from http://www.dhamma.digital

# क्षान्ति र मैत्री-९

*- भिक्षु अश्वघोषद्वारा लिखित*
*वीर्यवतीबाट अनुदित*

सिरिमाले विचार गरिन्– यो घीउ चीसो परेछ भन्दै फेरि अर्को घ्यू उमालिरहेको भाँडो नै ल्याई उत्तरा तर्फ दौडिरहेकै अवस्थामा भान्छामा काम गरिरहेका महिलाहरू मिलि– तँ हाम्री मालिकनीलाई उम्लिरहेको घ्यू खनाउन आउने होइन ? तँ त वेश्या होस्। सधैं यहाँ बस्ने भन्ठानेको हो कि क्या हो ? १५ दिनको लागि आएर हाम्री मालिकनीको श्रीमान्लाई खोस्न खोजेको होइन ? भन्दै हात र खुट्टा समाती भुईंमा पछारिदिए। पिट्नसम्म पिटे पनि। उत्तराले यो घटना देख्ने वित्तिकै उनीलाई त्यसो नगराउन रोक्न खोजे तर सकिनन्। केही नलागे पछि सिरिमाको शरीमा आफू लेटेर छेकिन्। सिरीमालाई पनि यसरी नचाहिंदो काम गरेकोमा गाली गरिन्। फेरि सिरिमाले उपकार गरेकोले धर्म गर्न पाएकोमा सिरिमा प्रति कृतज्ञता पनि पोखिन्।

सिरिमाले विचार गरिन्– मैले त्यस्तो उम्लेको घ्यू उत्तराको टाउकोमा खन्याउँदा पनि उनी म देखेर रिसाइनन्। उल्टो मलाई नै बचाउँदै सेवा गरिन्। मैले नराम्रो काम गर्न पुगें। मैले त क्षमा माग्नु पर्छ अब भन्दै उनीले उत्तरा समक्ष क्षमा माग्न पुगिन्।

उत्तराले भनिन्– म त पिता भएकी छोरी हुँ। मेरो बुबाले क्षमा गरिदिए मात्र तिमीलाई क्षमा हुनेछ। यति भनेपछि सिरिमाले भनिन्– तपाईंको बुबा पूर्ण सेठ होइन ? म उहाँ समक्ष गई क्षमा माग्नेछु। उत्तराले भनिन्– पूर्णक भन्ने बुबा त संसार लामो पार्नको लागि जन्म दिनु हुने बुबा हुनुहुन्छ। तर मैले भनेको बुबा त संसार छोटो पार्नको लागि ज्ञान दिनुहुने बुबा भगवान बुद्ध हुनुहुन्छ।

सिरिमाले भनिन्– शास्ता बुद्धलाई मैले चिन्दिन। फेरि म जस्तो पापीनी बुद्धको अगाडि कसरी जान सक्छु र ?

उत्तराले भनिन्– उहाँ भोली यहीं भोजनको लागि आउनु हुनेछ। त्यसवेला मैले उहाँ समक्ष तिम्रो परिचय गराई दिनेछु। बुद्धले कसैलाई पापी भनेर घृणा गर्नुहुन्न। पाप कर्मलाई मात्र घृणा गर्नुहुन्छ। त्यसैले मैले तिमी देखेर नरिसाई मैत्री पूर्वक सहन सकेको हुँ।

भोलिपल्ट गौतम बुद्ध भिक्षुहरूको साथ उत्तराको घरमा भोजनको लागि आउनुभयो। उत्तराले सिरिमालाई उहाँको अगाडि राख्नुभयो। सिरिमाले बुद्ध समक्ष क्षमा मागिन्। बुद्धले कारण सोध्नु भएपछि सबै कुरा वृत्तान्त सुनाइन्।

गौतम बुद्धले उत्तरासंग सोध्नुभयो– यो घटना के साँच्चिकै हो ? उत्तराले जवाफ दिइन्– हो। बुद्धले फेरि सोध्नुभयो– तिमीलाई उम्लिरहेको घ्यूले खन्याउँदा तिमीले के मनमा राख्यौ त ? उत्तराले भनिन्– सिरिमा मेरी उपकारी हुन्। उनीले गर्दा मैले दान दिई धर्म कर्म गर्न पाएँ। धर्मदेशना सुन्न पाएँ। यति मनमा राखी मैले उनी प्रति रीस उठाइन। मैले यसरी अधिष्ठान पनि गरें– यदि ममा सिरिमा प्रति क्रोध भएमा उनीले खन्याएको घ्यूले पोलोस्। होइन भने नपोलोस् भनी मैत्री चित्त बलियो बनाएँ। साँच्चिकै मलाई केही पनि भएन। भगवान बुद्धले उत्तरालाई साधुवाद (धन्यवाद, प्रशंसा) दिनुभई धर्मदेशना गर्नुभयो।

यो घटना आजभोलिका नयाँ विचारधारा लिएका व्यक्तिहरूलाई कस्तो कस्तो अनौठो पनि लाग्न सक्छ। यहाँ विचार गरी बुझ्नुपर्ने कुरो के छ भने– शत्रुता बढाई अशान्ति गर्नु राम्रो छ कि शत्रुता हटाई मित्रता ल्याई शान्त वातावरण कायम गर्नु राम्रो हुनेछ ? मैत्री चित्तले शत्रुको हृदय परिवर्तन गर्नुपर्ने आजको युगको माग हो।

हिन्दुस्तान र पाकिस्तानको बिच दौत्य सम्बन्ध राखी मित्रता कायम भएको समाचार र भारत र चीन बिच फेरि राजदूत आदान प्रदान गरी मित्रता सम्बन्ध भएको समाचारले धेरैजसो मानिस खुशी भएका छन्। मैत्री शान्ति स्थापना गर्नका लागि यथेष्ट मसला जस्तो भएको कुरो सबैलाई थाहा छ। वैरले वैर कहिल्यै शान्त हुँदैन भन्ने बुद्धको कथन आज साकार हुँदै आइरहेको छ।

(८) **तुवटं चित्तं समाधियति** (चाँडै चित्त स्थिर हुन्छ)

मैत्रीपूर्ण चित्त स्थिर हुन्छ। शोक र डाह हुनेछैन।

शान्त र मैत्रीपूर्ण जीवन बिताउनका लागि मैत्रीपूर्ण चित्त चाहिन्छ। द्वेष भाव सहितको चित्त कहिले पनि स्थिर रहँदैन। निश्चिन्त भएर रहन सक्दैन। राम्ररी निदाउन सक्दैन। कल्पना मात्र भइ रहनेछ। मैत्रीपूर्ण चित्त एकाग्र हुन्छ। मैत्री चित्त बलियो पार्न सके

शरीरमा प्रकोप भइरहेका धातु पनि शान्त भएर शरीर हलुका भएर जान्छ । अनि मानसिक र शारीरिक सुख प्राप्त हुनेछ ।

(९) **मुख वण्णो विप्पसीदति**

(अनुहार तेजिलो र हँसिलो हुनेछ)

मैत्री चित्त बलियो भयो भने मन आनन्द भई अनुहार संधै हँसिलो हुनेछ । अनुहारमा अनौठो तेज हुनेछ । मन फक्रिएन भने अनुहार पन फक्रिँदैन । मनमा हाँस्न मन नलागीकन मुख मात्र हाँसे पनि त्यति खुलेर हाँस्न सकिंदैन । नक्कली हाँसो मात्र हाँसिन्छ । आँखाले सिधा हेर्न सक्दैन । मैत्री चित्त भए मात्र अनुहारको रूप राम्रो भई प्रतिभा प्रस्फुरन हुनेछ ।

(१०) **असम्मुल्हो कालं करोति**

(मरण अवस्थामा बेहोश हुँदैन)

धेरैजसो व्यक्ति मरेणावस्थामा बेहोश हुन्छन् । अनि आफूले पहिला गरिराखेका राम्रा कार्यहरू पनि सम्झन सक्दैनन् । त्यसैले छटपटाइ रहन्छन् । के गतिमा पर्ने होला भन्दै कल्पना गरी डराउनु पर्नेहुन्छ । मैत्री चित्त बलियो हुने व्यक्तिहरू मरणावस्थामा वेहोश हुँदैनन् ।

(११) **उत्तरी अप्पटी विज्झन्तो ब्रह्मलोकूपगो होति**

(ब्रह्मोक पुगिन्छ)

मैत्री समापत्ति उत्पन्न भयो भने ब्रह्मलोक पुगिन्छ भनिएको छ ।

यी ११ वटा मैत्री भावना गर्दा प्राप्त हुने फलहरू बौद्ध साहित्यमा उल्लेख भए अनुसार यहाँ प्रस्तुत गरें ।

मुख्य कुरो त आफूलाई सुख मन परे जस्तै अरूको पनि सुख चाहनु नै मैत्री चिन्तन हो अथवा मैत्री भावना हो । इर्ष्यालु र रिसाहा व्यक्तिहरूले मैत्री भावना गर्न सक्दैनन् । त्यस्तै वैरभाव र ईर्ष्या भएका मानिसहरूसँग मित्रता र मैत्री चित्त बलियो हुँदैन । तर बुद्ध जहाँ रहनु भएपनि उहाँको मैत्री बलियो छ । त्यसैले देवदत्त, अंगुलिमाल र आलवक राक्षस आदिले बुद्धलाई केही विघ्नपार्न सकेनन् । मैत्रीले दानवको मन पगाली मानव हृदय बनाइदिन सक्छ । मैत्री चित्त बलियो पार्न मुखमा राम राम बगलीमा छुरा बन्न हुँदैन । यही हो मैत्री चित्त ।

॥ भवतुसब्ब मंगलम् ॥

## अनित्य सु:ख दु:ख

- अमृतमान शाक्य, इतुम्वाहः यँ

सु:ख यो धका वई मखु
दु:ख मयो धका वनि मखु
थ:म्हेंसिनं पिक्को जक दया च्वनि
घो पिन्त फोना सु:ख वई मखु
घो पुज्याना जक दु:ख तनि मखु
मनु मात्रया जक सु:ख दु:ख मखु
फुक्क प्राणी पिनि नं सु:ख दु:ख दु
जीवन हितुहिला च्वंगु चागुमखु
नर जन्म चोलायात ब्यरथय् फुके मते
अनित्य संसारे च्वंनाथें
जन्म जरा मरण  हे दु:ख ख
अनित्य थ्व संसारे
अनित्य अनित्य अनित्य

## चाःहुलीगु चोला

- रामभक्त प्रधान, बनेपा

चाःहिला जुयाच्वना जन्म मरण
गुलिजक जन्म जुयाः सिना वनीगु
योयोथें धयाः योयोथे सनाः
धर्मकर्म संस्कार मसीका जुया ॥

गुलिजक चाःहिला ज्वीगु थ्वचोला
पाप व धर्म म्हमसीका जुयाच्वना
जिं न्ह्याम्हसितं दायाःसास्ती यायुगु
धर्मकर्म मसीकाः जुयाच्वनागु ॥

धाय्‌पैं गुलि याय् मपैंगु जुयाः
जन्म मरण कयाः वयाच्वनागु
जन्म बिल कर्म ज्वनाः वय् मालाच्वंगु
धर्म कर्म मसिकाः दुःखः सिय् मालाच्वना ॥

करपिन्त हाय्काः ख्वय्‌का वयागुलिं
दुःखया समुद्रय् लाल कयाः
भाःपी मफुगु झीगु थ्व संसारे
चेतना मदय्‌काः हाला ज्वीगु बानी ॥



Downloaded from http://www.dhamma.digital

# कर्म र उत्साह

- भिक्षु धर्ममूर्ति, आनन्दकुटी विहार

बुद्धधर्म अन्धविश्वासले ग्रहण गर्नुपर्ने धर्म नभई आएर हेरेर अध्ययन गरेर (एहिपस्सिको) प्रत्यक्ष रूपले जान्नुपर्ने, हेर्नु पर्ने, ग्रहण गर्नुपर्ने नभई आएर हेरेर अध्ययन गरेर (एहिपस्सिको) प्रत्यक्ष रूपले जान्नु पर्ने, हेर्नुपर्ने, ग्रहण गर्नुपर्ने (पच्चत्तं वेदितब्बो) र सक्ने धर्म हो । तसर्थ अरूले भनेको भन्दैमा, पहिले देखि चलिआएको हुँदैमा, पुस्तकहरूमा उल्लेख हुँदैमा वा गुरुहरूले भनेको भन्दैमा कुनै पनि कुरा सत्य हो भनी स्वीकार नगरी आफैले परिक्षण, निरीक्षण गरी, चिन्तन-मनन गरी सत्य हो भन्ने बोध भएमा मात्र स्वीकार गरेर काम गर्नु उचित हुनेछ । त्यसो नभई कुनै पनि कुरा त्यत्तिकै विश्वास गरी ती विश्वासलाई गौरव गर्दैमा, ती विश्वास दिने गुरुलाई पुजा-सत्कार गर्दै अतिश्रद्धाले, अन्ध भक्तिले जीवन बिताउँदैमा कुनै पनि धर्मबाट आफूलाई सही प्रतिफल वा उपलब्धि प्राप्त हुँदैन ।

कुनै पनि गुरुले– शास्त्रीले आ-आफ्नो धर्म-शिक्षा दिने, सिकाउने; प्रचार-प्रसार गर्ने आ-आफ्ना अनुयायीहरू ती शिक्षा-उपदेश अनुरूप आ-आफ्नो जीवन तह लगाउँदछ, जीवन यापन गर्दछ भन्ने कारूणीक अपेक्षाले हो । "यो धर्म म डुंगा (नाउँ) को उपमायामा देशना गर्दछु, त्यो डुंगा (धर्म) संसार-सागरबाट पार हुनलाई विना समातेर (ग्रहण गरेर) राख्नलाई होइन ।" (**कुल्लुमं भिक्खवे धम्मं देसिस्सामि नित्थरणत्थाय नोगहणत्थाय**) भन्ने बुद्ध देशनाबाट उक्त तथ्य प्रष्टाउँदछ । तर समाजभित्र नियालेर हेर्दा त्यसको विरुद्ध पक्ष देख्न पाइन्छ । धेरै जनाले 'धर्म' संसार-सागर पार गर्नको निमित्त होइन कि त्यो 'धर्म' पनि आफ्नै सम्पत्ति झैं सम्झेर गौरव गर्दछ, पूजा-सम्मान गर्दछ, आज 'धर्म' पनि 'पुरातात्विक वस्तु' को रूपमा परिणत भैरहेको छ जस्तो लाग्दछ । त्यसले पहिला भएका महासमृद्धिको बारेमा मात्र चर्चा गर्न हामीले सिकिरहेका छौं तर त्यसको वर्तमानमा गर्नसक्ने समृद्धिका बारेमा सोच्दैनौं । त्यसकारण समाजमा विभिन्न प्रश्न-समस्याहरू सृजना भइरहेका छन् । आफ्नो कुनै दुर्वलताले गर्दा ती प्रश्न समस्याको समाधान गर्न नसकेको खण्डमा हामी त्यसलाई हाम्रो कर्मभाग्य-दैव भनी 'हीनमानी' हुन्छौं । त्यस हीनमानले गर्दा आफूप्रति आत्मविश्वास हुँदैन । त्यसरी आफ्नो मन दुर्वल बनाउने; आत्मविश्वास नहुनेलाई अनिश्चित भय हुन्छ । त्यही 'भय'ले गर्दा कुनै पनि अदृश्य 'शक्ति' होला भन्ने विश्वास जाग्दछ र त्यस अदृश्य-शक्तिको रूपमा लिइराखेका 'देव-देवता' प्रति झुक्दछ । अनि, आफ्नो कर्म-भाग्य, दैव परिवर्तन गरिदिन 'देवी-देवता' पुर्काउदछ ।

'भय' को कारणले गर्दा नै त्यसबाट छुटकारा पाउन मानिसहरू रूख, पर्वत, वन, आराम (मन्दिर) चैत्य आदिको शरणमा जान्छ, (**बहुं चे शरणं यन्ति पब्बतानी वनानी च आराम रूक्ख चेत्यानि मनुस्सा भय तज्जिता**) भनी बुद्धले भन्नुभएको छ । तर 'भय' को कारण त्यरी अन्यको शरणमा जानुलाई बुद्ध शिक्षाले अस्वीकार गर्दछ (**नेतं खो शरणं खेमं नेतं शरणमुत्तमं**) । आज प्राय:जसो बौद्धहरू पनि 'दान-धर्म' गर्ने पुण्य गर्ने बुद्धधर्मको सही ज्ञान भएकोले होइन कि 'परलोक' प्रतिको भयले गर्दा सुगति प्राप्त गर्नको लागि जस्तो लाग्दछ ।

वैदिककाल देखि भाग्य-दैव-कर्म प्रति विश्वास र चिन्तन रहेको पाइन्छ । विपाक-फल दिने शक्ति रहेको कुशल-अकुशल धर्म (क्रिया) लाई 'कर्म' शब्दले परिभाषित गर्दछ । तसर्थ राम्रो काम गर्ने स्वर्गमा र नराम्रो काम गर्ने नर्कमा मृत्युपछि जन्म लिन्दछ भन्ने वैदिक ऋषिहरूको पनि विश्वा थियो । उपनिषदकाल हुँदा उपनिषद ऋषिहरूले कर्मवादलाई अझ विकाश गरेको पाइन्छ । बुद्धकाल हुँदासम्म यसको विस्तार बढी भएको पाइन्छ । बुद्धले पनि कर्म र कर्मफललाई स्वीकार्नु भएको छ । तर बुद्धले सबै कर्मले सिद्ध हुन्छ भन्ने कुरा चाहिं अस्वीकार गर्नुभएको छ । यहाँ विद्वानहरूलाई सोचनीय अवस्था बनेको छ । किनकि 'कर्मवाद' स्वीकार गर्ने अन्य धर्म र बुद्धधर्मको बीचमा भिन्नता पाउने प्रधान कारण यहाँ हुनाले हो ।

वेद-उपनिषदकालमा मूलरूपमा 'कर्म' सुचरित वर्धनको लागि र पुनर्जन्म छ भन्ने दर्शाउन प्रयोग गरिएको देखिन्छ । बुद्धकाल हुँदा 'कर्म' प्राणीहरूको 'नानत्व' आदिको कारण दर्शाउने 'न्याय धर्म' को रूपमा विकाश भैसकेको देखिन्छ । यो तथ्य चुल्लकम्म विभङ्ग सुत्रबाट प्रकट हुन्छ । तोदेय्य नामक युवक राम्रो र नराम्रो कर्मको फल नमान्ने नास्तिक थियो । श्रेष्ठी पुत्रले बुद्धसँग एउटै समाजमा विद्यमान विषमताको कारण

सोढ्छ र बुद्ध भन्नुहुन्छ– "कर्म स्वयंम् आफ्नो हो, कर्म नै सम्पत्ति (दयाद) हो, कर्म नै ज्ञाति-बन्धु हो, कर्म नै सहारा (शरण) हो, कर्म नै हेतु-कारण हो । तसर्थ कर्मले नै प्राणीहरू उच्च-निचतामा (सामाजिक विविधतामा) विभाजन गर्दछ ।" यसबाट समाजको विषमताको मूल कारण कुशल-अकुशल कर्मका फल विपाक नै दर्शाएको देखिन्छ । यसरी कतिपय सुत्रहरूमा पुर्वकर्मको अवधारणा राखेतापनि तित्थायतन, देवदह जस्ता अन्य सुत्रहरूमा प्रष्ट रूपमा 'पुर्वकर्म' नै सबैको कारण होइन भन्ने उल्लेख गरिएको पाइन्छ । कुनै व्यक्तिले दैनिक जीवनमा गरिने कर्म अर्थात् क्रियाको स्वभाव अनुसार पुद्गल विषमताहरू उत्पन्न हुन्छ । त्यो व्यक्ति ब्राह्मण वा चण्डाल हुने पनि उसले गर्ने क्रिया अनुसार नै हो भन्ने बुद्ध देशना छ । **"कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ।"** वासेट्ठ सुत्रमा पनि व्यक्ति-व्यक्ति बिच (मानिस-मानिसमा) जातीमय भेद-विविधता (जन्मले हुने उच्च-निचता) नभएको तर ती ती व्यक्तिको क्रिया-कर्म अनुसार नाम व्यवहार गरिने हुन्छ भनिएको छ ।

यो कुराहरूबाट प्रष्टिने एउटा कुरा के छ भने सबै पूर्वकर्मको कारण वा अनुसार मात्र हुँदैन भन्ने हो । हाम्रो वर्तमान जीवनमा आउने परिवर्तनका कारण पूर्वकर्मका साथै अन्य कारण पनि हुनसक्दछ । बुद्धले यो संसारमा केही सिद्ध हुनलाई कारण बन्नसक्ने पाँच वटा न्यायधर्म देशना गर्नुभएको छ ।

१. ऋतु न्याय : ऋतु परिवर्तनको कारण
२. बीज न्याय : बीजको स्वभाव अनुसार
३. कर्म न्याय : कर्मको कारण
४. धर्म न्याय : धर्मको स्वभाव अनुसार
५. चित्त न्याय : चित्त (मन) को स्वभाव अनुसार

यस अनुसार विचार गर्दा पनि कुनै कार्य (घटना) सिद्ध हुनुमा प्रभावित गर्न सकिने कारणहरूमा 'कर्म' पनि एक मात्र कारण हो भन्ने देखाउँदछ । निदर्शनार्थ कुनै पनि रोग लाग्दा ती रोग लाग्नुको कारण धेरै हुनसक्छ भनी गिरिमानन्द सुत्रमा बुद्धले दर्शाउनुभएको छ- 'यो शरीरमा विविध रोग (आबाध) लाग्दछ ... ... पित्तको कारण, रुघाको कारण, वातको कारण, ऋतु परिवर्तनको कारण, विषमताको कारण, अरूको उपायको कारण, कर्म विपाकको कारण ... ... रोग उत्पन्न हुन्छ ।"

माथि उल्लेखित रोग झैं हाम्रो जीवनमा पनि निरन्तर झैं आइपर्ने प्रश्न, समस्या, विषमता, कलह आदिलाई कर्म विपाकको अतिरिक्त अन्य कारणहरूको पनि प्रभाव पर्ने कुरा त्यसबाट प्रष्टिन्छ । तसर्थ हामीलाई कुनै दुर्वलताको कारण समाधान गर्न नसकिंदैमा उत्पन्न प्रश्न-समस्यालाई भाग्य-दैव-कर्म भनी ठानेर अदृश्यमाथि बल-शक्तिको भर पर्नु कत्तिको उचित होला । "आफ्नो द्वीप आफै बन" अर्थात् आफ्नो भर आफैं हुन्छ वा आफू आफ्नै खुट्टाले उभिनु पर्दछ भन्ने बुद्धको उपदेश अनुसार पनि अन्यमाथि भर पर्नु वा अन्यको शरणमा जानु कत्तिको उचित हुन्छ होला ।

बुद्ध शिक्षा अनुसार कसैलाई कुनै ... ... (दु:ख, समस्या) बाट मुक्त हुनलाई सही मार्ग देखाई दिई उपकार गर्न सकिन्छ बिना त्यसबाट मुक्त गर्न सकिंदैन । त्यसबाट मुक्त हुनलाई त्यस व्यक्ति नै लाग्नु पर्दछ । त्यसकारण हामीलाई आउने दिनहुँका प्रश्न-समस्याको समाधानको भने हामी आफैले खोजेर निराकरण गर्नुपर्दछ । त्यसको लागि चाहिने मार्गदर्शन वा उपकार पनि प्राप्त गर्न सकिने हामी झैं प्रकट व्यक्तिहरूबाट बिना अदृश्यमान देवी-देवताबाट होइन । निदर्शनको रूपमा सुरापानमा लत बसेको व्यक्तिलाई लिन सकिन्छ । त्यस व्यक्तिलाई सुरापानको लतबाट अरू कसैले छुटाउन सकिंदैन । सुरापानको लतबाट ऊ आफैले मात्र छुटकारा पाउन सक्दछ । अरूले गर्न सक्ने त्यसको लागि चाहिने मार्गोपदेश वा अववाद दिने मात्र हो । त्यस अनुसार स्व-उत्साहले, धैर्यका साथ प्रयत्न स्वंयले गरेमा त्यस व्यक्ति उक्त लतबाट मुक्त हुन सक्दछ । त्यहाँ नदेख्ने शक्तिको सहयोगको अपेक्षाले के हुन्छ !

त्यसकारण समाजमा बस्ने हामीलाई आइपर्ने विविध समस्याको जिम्मा भाग्य-दैव-कर्मलाई लगाई काम गर्दछ भने त्यो हाम्रो नै मुर्खता होइन र ? कर्म वा भाग्य भन्दा आत्मविश्वास वा स्व-विश्वासलाई प्रमुखता दिएर दृढ अधिष्ठानले युक्त भई कार्य गर्ने हो भने इहलोक र परलोक सफल पार्न सक्ने क्षमता हामी भित्रै निहित छ । तसर्थ बुद्धको उपदेश अनुसार आत्मविश्वासका साथ आत्मनिर्भर बनी मेहनत गरी दृढ अधिष्ठानले युक्त भई धैर्यका साथ अगाडि बढेको खण्डमा अरूको साथ नपाए



Downloaded from http://www.dhamma.digital

तापनि सफलताले अवश्य पनि साथ दिनेछ । तसर्थ बुद्ध भन्नुहुन्छ– "उद्योगी स्मृतिवान् भई शुभकाम राम्रोसँग गरी संयमी भएर धार्मिक जीवन बिताई अप्रमादी हुने व्यक्तिको यश (सुख-कीर्ति) बढ्दछ ।"

यो पनि थाहा पाइराखे राम्रो हुने कुरा:

# विद्यालय हस्तान्तरण गरेर श्राद्ध

सोऱ्हश्राद्धमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै पुरेतलाई दान-दक्षिणा गर्दछन्, तर तेऱ्हथुम जिल्ला फुलेक गाउँ विकास समिति वडा नं. ५ बस्ने डिल्लीरमण गौतमले त्यही समयमा दिवंगत आमा जयरूपा गौतमको नाममा विद्यालय भवन बनाएर हस्तान्तरण गरेका छन् । गौतमले सोही स्थानमा रहेको सार्वजनिक माध्यमिक विद्यालयमा भवनको अभाव देखेर रु. ७८ हजार ६ सय ९० को लागतमा भवन निर्माण गरिदिए । सो भवनको नाम आफ्नी स्वर्गीय आमाको नाममा जयरूपा राखिएको छ ।

आमाको तिथिकै अवसरमा एक समारोह बीच गौतमले जयरूपा भवनको ताला विद्यालयका प्रधानाध्यापक लोकेन्द्र कार्कीलाई हस्तान्तरण गर्नुभयो । समारोहमा बोल्दै दाता डिल्ली गौतम मृतात्माले पाउँछन् भन्दैमा एक जना ब्राह्मणलाई दान दिंदा पितृले पाएको कसैले देखेका छैनन, पाउने विश्वास पनि छैन भन्नुहुन्छ । तर भवनको अभाव रहेको विद्यालयमा भवन बनाउँदा भविष्यका सयौं बालबच्चाद्वारा आमाको नाम उच्चारण भइरहने हुँदा वास्तविक श्राद्ध हुने ठानी सो कामको थालनी गरेको उहाँले बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् प्राथमिक शिक्षा परियोजनाका स्रोत व्यक्ति केदार नेपालले एक शिक्षक भई विद्यालयमा यस्तो चिरस्थायी काम गरेकोमा माता जयरूपाको आत्माले साँच्चै शान्ति पाउने विश्वास आफूमा रहेको कुरा व्यक्त गर्नुभयो ।

विद्यालयका प्रअ कार्कीले यो कार्यले नयाँ सोचको विकास गरेको भन्दै व्यक्तिगतरूपमा दिनेभन्दा सार्वजनिक संघसंस्थामा यसरी सबैले सहयोग गर्न थाले विदेशीको मुख ताक्न नपर्ने र आफैं स्वावलम्बन हुन सकिने धारणा राख्नुभयो ।

*- तीर्थ कटुवाल, तेऱ्हथुम*  *साभार: नेपाल समाचार पत्र*

## त्रिरत्नको सही अनुयायी बनौं

- चित्ररत्न शाक्य

म मेरो गन्तव्यतिर जान निस्किसकें
यहाँ बाटाहरू धेरै देखिन्छन्
कुनै बाटो पनि कठिन देखिन्न
तर सही बाटो चिन्न कठिन छ
त्यो सही बाटो देखाइ दिने
बुद्धको शिक्षा ग्रहणगर्छु ।

सही बाटो देखिसकें
यो बाटो कति महान छ
कतै पनि घुम्ती र चक्रनुमा बनी
त्यहीं वरिपरि घुमाई
जन्म-मरण चक्रमा नफसाउने
सीधा मेरो गन्तव्य
रागरहित अमृतपद सहितको
निर्वाणमा पुऱ्याउने
यही आर्य अष्टाङ्गिक मार्गलाई अंगाल्दछु

बाटो लामो छ, उराठ र पत्यार लाग्ने छ
आलस्यले बाटैमा निदाउँदा
ब्यूँझाई दिने मित्र चाहिन्छ
शिथिलतावश ढुन्मुनिएर लड्न खोजे
पाखुरा समाई आफूलाई सम्हाल भनी
सुझाउने मित्र चाहिन्छ
गन्तव्यकै बारे संहाय उठे
सम्झाउने मित्र चाहिन्छ
गन्तव्यकै बारे संहाय उठे
सम्झाईदिने मित्र चाहिन्छ
म यस्तै कल्याणमित्रहरूको शरणमा जान्छु
त्रिरत्न शरणं गच्छामि

# थेरवाद बुद्धधर्म बुद्धकालीन समयको होइन

कार्यक्रम आयोजक– ठीक समयमा नै सहभागीहरूको उपस्थिति भएकोले खुसी लाग्यो हामीलाई ।

एकजना सहभागी– मलाई एउटा प्रश्न सोध्ने मन लागिरहेको धेरै दिन भइसक्यो । आजभोलि प्रचलनमा आइरहेको "थेरवाद बुद्धधर्म" बुद्धकालीन समय देखि नै चल्दै आएको हो वा हालै मात्र प्रचलनमा आएको शब्द हो ? यो कुरो बुझ्न सकिरहेको छैन मैले ।

आयोजक– हुनत यो "थेरवाद बुद्ध धर्म" भन्ने शब्द बुद्धकालीन समयमा कहिं पनि उल्लेख भएको देखिंदैन । तर बुद्ध परिनिर्वाण हुनुभएपछि स्थविर वा भिक्षुहरूको नेतृत्वमा "थेरवाद बुद्ध धर्म" प्रचार भइरहेकोले अशोक कालपछि साम्प्रदायिक रूपले प्रचार भयो । तैपनि भिक्षुहरूको तर्फबाट जुन धर्म प्रचार भइरहेको छ, तिनीहरू मध्ये धेरै अंश बुद्धकालीन पाला देखि चलिआएको बुद्ध उपदेशहरू नै हुन् । तर बुद्धले धर्मलाई थेरवादको संज्ञा दिनुभएको पक्कै पनि होइन । बुद्धले त धर्म मात्र उपदेश दिनुभएको थियो । त्रिपिटकमा थेरवाद बुद्धधर्म र बौद्ध धर्म भनेर कतै पनि उल्लेख गरिएको पाईदैन ।

डा. राइज डेविडको अनुसार त्रिपिटक पालिमा (अंग्रेजी संस्करण) मा करीब १७,५२,४०० शब्दहरू छन् । त्यसमा कहिं पनि बुद्ध धर्म र बौद्ध धर्म आदि लेखिएको पाईदैन । धम्म, धम्मिको र धम्मट्ठो अर्थात् धर्म, धार्मिक र धर्मी भनेर मात्र उल्लेख गरिएको पाइन्छ ।

बुद्धको पहिलो उपदेश धम्मचक्कप्पवत्तन सुत्त हो । यस सूत्रमा बुद्ध धम्मचक्क भनिएको छैन । द्वितीय संगायना पछि महासांघिक आदि (महायान आदि साम्प्रदायिक) आचार्यवाद उदय पश्चात् बुद्धले दिनुभएको उपदेश (धर्म) लाई संग्रहगरी महाकाश्यप महास्थविरले संस्करण गर्नुभएको संशोधित धर्मलाई थेरवाद भन्ने गरिएको देखिन्छ । यसलाई विभज्जवाद पनि भन्ने गरिन्छ । तर महायानीहरूले यसलाई हीनयान नाम दिई प्रचार गरे । कारण, थेर (स्थविर भिक्षु) हरूले प्रचार गरेको धर्ममा निर्वाण (मोक्ष, मुक्ति) अवस्था प्राप्त गर्नुलाई मात्र मुख्य रूपले महत्त्व दिइएको हुन्छ भने महायानीहरूले बुद्धत्त्व प्राप्त गर्ने लक्ष राखेर धर्म प्रचार गर्ने गर्छन् । तर जे भएपनि बुद्ध उपदेशित धर्म कुनै सम्प्रदाय विशेषको धर्म नभई मानव धर्म हो । त्यसैले थेरवादीहरूलाई हीनयानको संज्ञा दिइनु एकप्रकारको साम्प्रदायिक भावना नै देखिन्छ । यसरी हाल बुद्ध अनुयायीहरू बिच पनि साम्प्रदायिक भावनाले स्थान लिइसकेको छ । यसलाई विकृति भने अत्युक्ति नहोला ।

सन् १९५० मा श्रीलंकामा सम्पन्न भएको प्रथम विश्व बौद्ध सम्मेलनले हीनयानलाई थेरवाद भन्नुपर्ने विषयमा प्रस्ताव पारित गरिएको थियो ।

सहभागी– त्यसो भए बुद्धले दिनुभएको उपदेशलाई बुद्ध धर्म वा बौद्ध धर्म भनेर नाम नदिने भए कुन नामले संबोधन गर्दा बेश होला त ?

आयोजक– हाम्रो विचारमा त बुद्ध शिक्षालाई बुद्ध शासन अथवा शुद्ध धर्म भन्नु नै वेश होला जस्तो छ । अहिलेसम्म थाइल्याण्ड, श्रीलंका र वर्मामा बुद्ध शासन भनी संबोधन गर्ने चलन छ । हुनत त्यहाँ पनि बुद्ध धर्म नै भन्ने प्रचलन नभएको त होइन । कल्याण मित्र सत्यनारायण गोयन्काले स्पष्ट रूपमा भन्नुभएको छ– बुद्ध धर्म र बौद्ध धर्म भन्नु त सरासर अनुचित छ । यी त साम्प्रदायिक शब्दहरू हुन् । हिन्दु धर्म, क्रिश्चियन धर्म, जैन धर्म, सिख धर्म, मुश्लिम धर्म आदि शब्दहरूले धर्मलाई विभिन्न नाम दिएकोले एक आपसमा साम्प्रदायिक भावना उब्जिएका छन् । तर बुद्धले कहिले पनि बुद्ध धर्म भनेर उल्लेख गर्नुभएको छैन, उहाँले त शिर्फ धर्म मात्र भन्नुभएको छ ।

सहभागी– रामलीला, कृष्ण लीला आदि विषयका जीवनी चलचित्र बनाएर खूब प्रचार गरिएका छन् । त्यसरी नै बुद्ध जीवनी सम्बन्धी चलचित्र पनि बनाएको भए त राम्रै हुने थियो नि होइन र ? तर यस विषयमा मात्र किन चलचित्र नबनाएको होला ?

आयोजक– तपाईं नयाँ सहभागी हुनु भएर पनि राम्रो प्रश्न उठाउनु भयो नि । धन्यवाद छ तपाईंलाई । तर यो त अलि अप्ठचारो प्रश्न पऱ्यो । बुद्ध जीवनी



Downloaded from http://www.dhamma.digital

विषयमा चलचित्र बनाइएको त थियो । तर यसलाई बुद्ध अनुयायी (थेरवादी) देशहरूले नै विरोध गरे । उनीहरूको विचार अनुसार बुद्ध सम्बन्धी चलचित्र बनाउनु हुँदैन रे ! किनभने बुद्ध जीवनीमा यसरी उल्लेख गरिएको पाइन्छ–

"बुद्ध तावतिंस देवलोकबाट मनुष्य लोकमा उत्रिएर महामाया देवीका गर्भमा प्रवेश गर्नुभएको थियो । उहाँ शिद्धार्थ कुमारको रूपमा जन्मने बित्तिकै सात पाइला टेकेर "**अग्गो हमस्मिं लोकस्स**" – "म संसारमा अग्र पुरुष हुँ" भन्ने शब्द बोल्नुभएको थियो । यसरी नै बुद्ध कपिलवस्तु जानुहुँदा आकाशमा उड्नुभई उहाँको पाऊको धूलो शाक्य राज परिवारको टाउको-टाउकोमा छर्नु भएको, अनेक ऋद्धि प्रातिहार्य देखाउनु भएको विषयमा पनि उल्लेख गरिएको पाइन्छ । यस्ता दृश्यहरू चलचित्रमा देखाइयो भने बुद्ध उपदेशलाई वैज्ञानिक र मानविय धर्मको रूपमा मान्नु नै गलत हुन जानेछ । महायानीहरू शिद्धार्थ गौतम मायादेवीको काखीबाट जन्मेको भनी मान्छन् रे । यदि शिद्धार्थलाई मायादेवीले काखीमुनीबाट जन्माइदिएको भए बुद्धको प्राकृतिक धर्म, वैज्ञानिकता र मानवता कता पुग्ने होला ? यस्ता घटनाहरू राखेर चलचित्र बनाएको भए बुद्धको मानवतावादी शिक्षाको अस्तित्त्व नै समाप्त हुनेछ । त्यसैले बुद्ध जीवनी सम्बन्धी चलचित्र नबनाइएको हो । तर हालैमात्र बुद्ध जीवन सम्बन्धी एउटा चलचित्र त निर्माण भएको छ । त्यसमा शिद्धार्थ कुमारले जन्मने बित्तिकै सात पाइला चालेको दृश्य भने देखाइएन । उहाँ साधारण मानिसले जसरी जन्म लिन्छ, त्यसरी नै जन्मनुभएको देखाइयो । उक्त चलचित्रमा शिद्धार्थ कुमारले आफ्नै पुरुषार्थबाट महामानव भएको देखाइयो । तर त्यो चलचित्र पूर्वाग्रही बनेका बुद्ध अनुयायीहरूलाई भने पच्न सकेन ।

सहभागी– वास्तवमा बुद्ध शिक्षाको मूल लक्ष के होला ?

आयोजक– बुद्ध शिक्षाको मूल लक्ष यसरी रहेको छ–

**"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपणं एतं बुद्धानुसनं"** '

अर्थ: सबै प्रकारका पाप कर्म नगर्नु, राम्रो काम गर्दै जानु, अनि आफ्नो चित्त शुद्ध राख्नु, निर्मल राख्नु । यही बुद्धहरूको शिक्षा हो ।

चित्त शुद्ध नभएकोले नै धर्म-कर्म गरे तापनि शान्तिको वातावरण हराइरहेको छ, दु:ख नचाहे पनि दु:खबाट मुक्त हुन सकिरहेको छैन ।

सहभागी– यो कुरो त मलाई पनि थाहा छ नि । मैले पनि यो गाथा अध्ययन गरेको छु । तर चित्त निर्मल र शुद्ध कसरी गर्ने । केही उदाहरण पनि सुन्न पाए राम्रो हुन्थ्यो ।

आयोजक– आफ्नो आचरण शुद्ध नपारी बाहिरी धर्म-कर्म, कर्म-काण्ड गर्ने, वर्तमान जीवन सफल पार्ने कार्य नगरी मरिसकेपछि मात्र सुख पाउने आशा गरेर धर्म-कर्म गर्नु, अर्काको विहार लोभगर्ने ईर्स्यालु हुने, रिसाउने, डाहा गर्ने आदि जस्ता दूषित भावनाहरूले चित्तलाई कलुषित बनाइदिन्छ । मनमा यस्ता दुर्गुणहरू आउने वित्तिकै सतर्क भई दुर्गुण हटाउन सके चित्त निर्मल हुनेछ । विपश्यना ध्यान अभ्यास गरेको खण्डमा मात्र आफूलाई चिन्न सक्ने छ । मनमा क्लेश उठ्नासाथ होशियार बन्नुपर्दछ । अनि मात्र चित्त निर्मल पार्न सक्नेछ ।

लौत आजलाई छलफल कार्य यत्तिकैमा टुंग्याउनु पर्ला । आजलाई बिदा !!

धर्मकीर्ति विहार गतिविधि

## मन नै मुख्य

*धर्मकीर्ति विहार, २०५८ कार्तिक ४ गते, शनीवार ।*

यस दिन वीर्यवती गुरुमांले "मन नै मुख्य" भन्ने विषयमा छलफल गर्नुहुँदै भन्नुभयो– बुद्धले भन्नु भएको छ– "**चेतनाहं भिक्खवे कम्मं वदामि**" अर्थात् कुनै पनि कार्य हाम्रो शरीरबाट सम्पन्न हुने वित्तिकै कर्म बन्दैन । त्यस कार्य गराईमा कस्तो प्रकारको चित्तले भूमिका निभाएको हुन्छ, सोही अनुसारको कर्मको फल वनिन्छ अर्थात् त्यस समयको चित्तको भावना अनुसारको कर्मको नतीजा हामीलाई प्राप्त हुने गर्छ । उदाहरणको लागि आफ्नो शरीरबाट कुनै एक प्राणीको हत्या हुने वित्तिकै त्यसबाट प्राणी हिंसाको परिपक्व कर्मफल वन्नका लागि यी ५ तत्त्वहरू समावेश भएको हुनुपर्छ ।

- प्राणीलाई नै प्रहार गरिनु पर्छ ।
- मार्ने चेतनाले नै प्रहार गरेको हुनुपर्छ ।
- प्राणी हो भन्ने ज्ञान पनि हुनुपर्छ ।
- मर्ने खालको हतियारले प्रहार गरिनुपर्छ ।
- प्रहार गरे जस्तै प्राणी मरेको पनि हुनुपर्छ ।

यसरी कर्मफल बन्नका लागि चित्तको ठूलो भूमिका रहेको हुन्छ । त्यसैले हाम्रो राम्रो र नराम्रो कर्मको नतीजाको भागीदार हामी नै हौं । त्यसकारण हामीले आफ्नो भाग्य निर्माण गर्नको लागि हरेक क्षण आफ्नो चित्तलाई जाँची होशियारी पूर्वक कार्य गर्न आवश्यक छ ।" यस दिन नीता केशरीले कक्षा संचालन गर्नुभएको थियो ।

# सुशीला गुरुमाँ (अनगारिका) स्मृति कोष

– कृष्णमान शाक्य

विक्रम सम्वत् १९७२ साल तदनुसार ने.सं. १०३५ फालगुण पुन्हिं खुन्हु झीगु नेपा देया दुर्गम गाँ भोजपुर टक्सार, बुद्ध धर्मया ख्यलय् थ:गु हे छगू इतिहास कुबिना त:गु थासय् जन्म जुया बिज्याम्हे सुशीला गुरुमाँ त्यागमय भावनां ओतप्रोत जुया बि.सं. २००१ सालं चन्द्रमणि गुरुया समक्षय् कुशीनगरय् प्रव्रजित जुया बिज्यागु ख ।

झीगु समाजय् मिस्तय्या लागिं ब्वनां सय्के सिय्केगु व सामाजिक क्षेत्रय् न्ह्य्ब्वाय्गु धइगु छगू असम्भवगु इलय् वस्पोल सुशीला गुरुमाँ नं मनू जुया जन्म जुसेंली थ्व अमूल्य जीवनयात सितिकं फुका छ्वय् मज्यू, थ:सय्के सिय्के याना, मस: मस्यूपिन्त थम्हं नं स्यने कनेयाना थ:गु जीवन सार्थक दय्केमा धैगु उद्देश्यकया २९ दँ या बैंशय् गृह त्यागयाना शुद्धगु बुद्ध धर्मय् थ:त समर्पित याना बिज्यागु जुल । कुशिनगरय् वस्पोल निदँतक च्वना अभिधर्म, हिन्दी व गणितया भति भति अध्ययनयाना बिज्यात । गुरुया अनुमति कया वस्पोल अनं पाल्पाया तानसेन बिज्यात । अन वस्पोलं शील पाठशाला सञ्चालनयाना बिज्याना मस्तय्त आखा स्यनेगु नापं बुद्ध धर्मे श्रद्धावानपिं उपासक उपासिकापिनिगु अभिबृद्धि नं याना बिज्यात अनं लिपा वस्पोल हाकनं थ:गु गृह गां भोजपुर बिज्याना अन नं टक्सारयागु यशोधरा बालिका स्कूले आख: ब्वंकेगु नापं शाक्य मुनि विहारे बौद्ध गतिविधि सञ्चालनयाना बिज्यात । वि.सं. २०१८ सालय् टक्सारे जूगु महापरित्राणे ब्वति कया वस्पोल काठमाडौं ल्यहाँ बिज्यात ।

वि.सं. २०१९ सालय् बौद्ध उपासक धर्मरत्न शाक्यया निमन्त्रणाय् पूज्यवर भन्ते बुद्धघोष महास्थविर व सुशिला गुरुमाँ त्रिशुली सुगतपुर विहारे बिज्यागुजुल । अन वस्पोलपिनि छलफलया ज्वलय् ब्यवस्थित किसिमं बौद्ध शिक्षाया अध्ययन अध्यापन झीगु देशय् हे याय् द:सा उत्तम ज्वीगु सल्लाह कथं वि.सं. २०२० साल वैशाखं "नेपाल बौद्ध परियत्ति शिक्षाया व्यवस्था नेपाल भिक्षु महासंघं या:गु जुल । ४७ दँया उमेरय् वस्पोल थ:नं उत्साह तया: बौद्ध परियत्ति शिक्षा अध्ययन याना बिज्यात । परियत्ति शिक्षाया दकसिबय् च्वय्यागु तं 'परियत्ति सद्धम्म कोविद' परिक्षाय् त्यानु मचा:गु क्वातुगु कुतलं दकले न्हापां ५७ दँया उमेरय् उत्तीर्ण जुम्ह अनागारिका अय्या जुया बिज्यात । थम्हँ जक ब्वनां बिज्यागु मखु थाय् थासय् भोजपुर, चैनपुर, तानसेन, धरान, बयरवन, बिराटनगर, उर्लाबारी, नागबहाल, तन विहार, गण महाविहार, यशोधरा आदि थाय् थासय् थ:बिज्याय् फुथाय् थ: बिज्यानां तापाथाय् उत्साही उपासक-उपासिका पिन्त सम्पर्क तथा बौद्ध परियत्ति कक्षा संचालन याय्गु नापं थाय् थासय् बुद्ध विहारत निर्माण याय्त फक्व ग्वहाली यानाबिज्यात ।

भगवान बुद्धया स्वंगू शासन परियत्ति, प्रतिपत्ति व पतिवेध शासन मध्ये वस्पोल भगवान बुद्ध ४५ दँ तक देशना याना बिज्यागु सुत्र, विनय व अभिधर्म ख: । थम्हँ अध्ययन याना थुइका का:गु ज्ञानयात मेपिन्त नं बिय्गु थ्व परियत्ति शिक्षाय् हे विशेष याना वस्पोल सुशीला गुरुमाँ नं थ:गु सम्पूर्ण जीवन समर्पित याना बिज्यात । उकिया उद्देश्य प्राप्ति कथं हे थुकिया अध्ययनय् विद्यार्थीपिन्त उत्साह बढे जुइमा धइगु मती तया बौद्ध परियत्ति शिक्षाया विभिन्न कक्षा (१) प्रवेश प्रथम वर्ष (२) परियत्ति सद्धम्म पालकया उपाधि परिक्षा व (३) कोबिद अन्तिम वर्षया परिक्षाय् सर्वोत्कृष्ट नम्बर हया: उत्तिर्ण जूपिं महिला विद्यार्थीपिन्त (महिलापिं मदुगु अवस्थाय् जक पुरुष सर्वोत्कृष्टयात) प्रोत्साहन पुरस्कार बियत धका थ:गु जीवनय् दाता पिनि पाखें थ:त प्राप्त जूगु दान रकम संकलनयाना रु. २५,०००/– (रु. पच्चीस हजार) विभिन्न व्यक्तिपिं (१) अनागारिका अनुपमा (२) परमेश्वर शाक्य (३) बुद्ध दाश शाक्य (४) कृष्णमान शाक्य या नामं रा.बा.बैंक ललितपुर शाखाय् सुशीला गुरुमाँ (अनागारिका) स्मृति कोष सञ्चालन याय्या लागि अक्षय कोष स्थापनायाना बिज्यागु जुल । उकिं थुगु दँय् सुशीला अनागारिका स्मृति पुरस्कार प्राप्त याय्त सफल जुया बिज्यापिं सहित सकल उत्तिर्ण विद्यार्थीपिन्त शुभाय् देछाना जुया ।

वस्पोलं वंगु दँ २०५७ साल फागुण ९ गते परलोक जुया बिज्याय् न्ह्यो इच्छा व्यक्तयाना बिज्या कथं थ्व पुरस्कार वितरणया ज्याझ्व: सम्पन्न जुया वस्पोलया सदिच्छा पू:वन धासां वथेन्तु मेगु तधंगु छगू सदिच्छा थ:च्वना बिज्यागु जय मंगल विहार सुनानं व्यक्तिगत याय् मफैगु हिसाबं भिक्षुणी संघय् दुथ्याके मागु वस्पोलया सदिच्छायातनं पूवंकेगु ज्या याय्फत धासा वस्पोल प्रति झीसं सच्चा श्रद्धाञ्जली व्यक्त यानागु जुई थें तायाच्वना !

साधु, साधु, साधु !!!



Downloaded from http://www.dhamma.digital

# धमाथुली ज्ञानमाला, बुद्धपूजा व बौद्ध जागरण छगू चर्चा

– विपेन्द्र महर्जन

येँया स्वयम्भू ज्ञानमाला भजन खल:या ग्वसाले न्ह्यानाच्वंगु बुद्धया उपदेश व बुद्ध जीवनी बारे जनमानसं प्रचार प्रसार याय्गु तातुना: थुगु दँ निसें (बुद्ध सम्बत् २५४४) न्ह्यानाच्वंगु ज्ञानमाला, बुद्ध पूजा व बौद्ध जागरण नामं न्हूगुकथं बुद्धया उपदेश प्रचार ज्या न्ह्याकूगु ख: । थ्व ज्याझ्वले स्वनिग:या गां गामय् वना: बौद्ध जागरण व बुद्ध पूजाया कार्यक्रम न्ह्याकाच्वंगु क्रमय् येँया उत्तर लागाय् ला:गु धमाथू (धर्मस्थली) धयागु छगू गामय् न्ह्याकूगु ख: ।

धमाथूयात खस भाषं धर्मस्थली धाइगुलिं थौंकन्हे थ्व गां धर्मस्थली गाउँ विकास समिति दुनेला:गु छगू पुलांगु नेवा: गां कथं धमाथूनं धयाच्वंगु दु ।

धमाथू न्हापा न्हापा मल्ल, लिच्छवी, किराँत कालया इलंनिसें स्वनिग:या पश्चिम इलाका तथा रसुवा, केरूङ्ग जुया: ल्हासाय् बने ज्या: वनेगु लँपुई ला:गु छगू प्रमुख बस्ती नं ख: ।

थ्व धमाथू येँया (बालाजु) ल्हुतिं झण्डै २ किलो मिटर उत्तर पाखें ला: । पूर्वे फुतुङ गा.वि.स., दक्षिण क.म.पा. १६ वडा बालाजु, पश्चिम तीन पिपले (भिमसेन गोला) न्याग:मणी फेदी, उत्तर भेडी गोथ साङ्गला ला: ।

थ्व धमाथू मुक्कं नेवा: बस्ती ख: । तर नेवा: दुने नं जातीकथं खने दयाव:बले ज्यापुत बच्छि दु, पुतवार, लवत, स्यस्य:त दु । तर थनया सकल नेवा:तय् मू लजगा: बुँज्या ख: । स्यस्य:तय्सं नं बुँज्या या: । तर थ्व परिवार या दुज:त मेपिं स्वया: बौद्धिक स्तरं च्वन्ह्या:गु खनेदु । उकिं याना: सरकारी जागिरे दुथ्या:पिं नेवा:कथं गनय् जू । थौंकन्हे मेमेगु थरया नेवा:त गथे ज्यापु, पुतवार, लवत नं जागिर नय्गु व ज्यामी ज्याय् वनेगु यानाहयाच्वंगु खनेदु ।

थन जनसेवा स्कूलया ४०X४५ दँ पुलांगु स्कूल दु । थौंकन्हे थ्व स्कूल हाई स्कूलय् हिले धुंकूगु दु । मेमेगु प्राथमिक स्कूल नं खोलेजुयाच्वंगु दु । थ्व हाईस्कूलय् न्हापा न्हापा ओखरपौवा, आठमाईल, थानसिं आदि नुवाकोट (न:क्वा:) या थाय्थांस वया: थनहे च्वना: आख: ब्वनीपिं दु । तर थ्व गाँया नेवा: मस्तेत थौंकन्हे निसें तिनि आख: ब्वंकेगु, ब्वनेगु चलन वयाच्वंगु खनेदु । उकिं थन एम.ए, वि.ए. पासपिं नेवा:त मदु । थौंकन्हे तिनी एस.एल.सि. पास यापिं नेवा:त खने दयावल । हाई स्कूलया माष्टरत धा:सा नेवा:त मदु ।

धमाथू बस्ती दुहाँ वने न्हचो: खवया चौरे तुयूगु चैत्यया दर्शन वई । थ्व चैत्य बुद्धया संस्मरणे दय्कात:गु यक्को पुलांगु चैत्य धाई । थुकिया जिर्णोद्धार यक्को ज्वीधुंकूगु खँ अनया बुढापाकापिनिगु धापू दु । थ्व चैत्य पुलांगु चैत्ययात तोपुया: न्हूगुकथं तग्व:याना: दनात:गु खँ नं न्यनेदत ।

थ्व वस्तीया दथ्वी मुसुंवहा: नां दुगु छगू वहा: नं दु । थ्व वाहा: अनया ज्यापु समुदायया बस्ती ला: । थ्वहे समुदाय पाखें थ्व मुसुंवाहाया ल्यं दयाच्वंगु चिचीग्व:गु गोलाकार चैत्यया भग्नावशेषयात संरक्षण वियाच्वंगु दु ।

थ्व धमाथुली पुलांगु धार्मिक स्थलया नामं नास:द्यो व गणेद्यो दु । थौंकन्हे न्हून्हूगु मूर्ति स्थापना याना: द्यो पूजा याना वयाच्वंगु खनेदु ।

पुलांगु नेवा: बस्ती गन ज्यापुत जक दु, मनमैजु (खुसीं ख्य:), धलं पुरे गणेद्योया मूर्ति मदु, लोहं ग्वारा छग:यात हे गणेद्यो गुरुया प्रतिक कथं मानेयाय्गु या: ।

तर थन धमाथूया गणेद्योयात किसिया छ्चों दुम्ह गेणश कथं नं मानेयाय्गु चलन दु ।

नास: द्योया सवालय् येँ, यल, ख्वप शहरे खनेदुथें स्वह्व: प्वा:यात नाश:द्यो माने यानावयाच्वंथें थन धमाथूया ज्यापुतसें खुसिख्य:, धलंपुरे थें ख्यें वाँलूगु लोहं स्वंग: स्वना: नास:द्यो माने याना वयाच्वंगु दु । तर म्ये, दुगु फै, खा ह्यँय् आदि बाहाँ भोग विया: नास: पूजा याइबले सकलें नेवा:तसें थें धकिं मतय्कं पूजा मन्यायफु । धकिं मतय्कं बलि पूजा याय् मस्यूगु अनया मनूतय्के धार्मिक विश्वास खनेदु ।

सँस्कृति व संस्कारे विकृति रूपं वयाच्वंगुयात नं धर्म सम्झे जुया: उकींयात नं क्वातुक ज्वना वयाच्वंगु

समाज कथं थ्व धमाथूया नेवा: समाजयात कायफु । थुपिंनं पुलांगु संस्कारया शिकार जुयाच्वंगुलिं न्हूधा: जुई मफया:ल्यूने लानाच्वंगु समाज खने द:सां थनया नेवा:तय्के धर्म (भिंगु चित्त) या चेतना ल्यँदनिगु खनेदु ।

थ्वहे वि.सं. २०५७ साल मंसिर १० गतेया न्हि खुन्हु पूर्णकाजी ज्यापुया सकृयताय् वंगु ज्ञानमाला भजन खल:या ग्वसालय् धमाथूया लाय्कु दथुई छुंकथंया अवशेष मदय्धुंकूगु तर बौद्ध चैत्य दुगु धयागु जनधारणा ल्यं दयाच्वंगु वथासय् पुन: चैत्य स्वनेगु ज्याया जग स्वना ज्या जुल । थ्व बौद्ध चैत्य निर्माणया लागि ज्ञानमाला भजन खल:या धर्मप्रेमी संज्जनपिनिगु आर्थिक गुहाली व धमाथूया नेवा:तय्गु श्रमं निर्माण ज्या जुल । थुगुकथं ज्ञानमाला भजन खल: व धमाथूया नेवा:तय्गु संयुक्त सहयोगं करीब १० फुट त:जा:गु बुद्धया लुमन्ति चैत्य निर्माण जुल ।

करीब प्यलाया दुने निर्माण सम्पन्न जूगु थुगु चैत्य प्यंगू दिशाय् प्यम्ह बुद्धया मूर्ति स्थापना वि.सं. २०५७ चैत्रय् श्रद्धेय् भिक्षु अश्वघोष महास्थविरया पाखें सम्पन्न जुलसा तत्कालीन मानवीय स्वास्थ्य राज्यमन्त्री तीर्थराम डंगोलज्यूं चैत्यया उद्घाटन यानादिल । थुगु उद्घाटन समारोहले अधिवक्ता सर्वज्ञरत्न तुलाधर व विशिष्ट व्यक्तिपिं व थ्व च्वसुया च्वमिं जि हे नं थ:गु खँ तय्खंगु ख: । थ्व समारोहया सभापतित्त्व ज्ञानमाला भजन खल:या नायो भाजु शान्तरत्न शाक्यं यानादीगु ख: ।

धमाथू वासिन्दाया बौद्ध ज्वीगु धर्मचित्त दुगु खँ थ्व चैत्य उद्घाटन समारोहलय् अनया वासिन्दातसें क्यनादीगु सकृयता तथा भावनां प्रष्ट यानाब्यूगु दु । थनया बुढापाका जक मखु ल्यासे, ल्याय्म्हपिनि पाखें नं बुद्धया उपदेशयात दुनुगलं निसें अध्ययन याय् दुगुलिं जागरण थना: दु:ख म्हसकि बीगु व सुखया लागि मिथ्या मखु सम्यक चिन्तनया संस्कार ब्वलंका बी धयागु आशा यायफु ।

★

यो पनि थाहा पाइराखे राम्रो हुने कुरा:

# पर्यटक दम्पतीद्वारा नेपाली बालिकाको उद्धार

नेपाल घुम्न आएका विदेशी पर्यटकहरूले एक बेवारिसे र बिरामी बालिकालाई अस्पताल पुऱ्याई उद्धार गरेका छन् ।

यसै क्रममा काठमाडौंबाट पोखरा आउँदा शुक्रबार दिउँसो दमौलीदेखि ८ कि.मि. पूर्वतर्फ पर्यटक दम्पतीले पृथ्वी राजमार्गमा एक बेवारिसे बालिकालाई बेहोस अवस्थामा फेला पारेका थिए । दुवै हात, टाउको र शरीरका अन्य भागमा कीरा परेर सल्बलाइरहेको तथा देब्रे हातको २ वटा औंला झरिसकेको अवस्थामा देखेपछि नजिकैका व्यक्तिहरूसँग सोधपुछ गर्दा बेवारिसे भएको थाहा पाएका थिए ।

बेवारिसे बेहोस अवस्थाकी उक्त बालिकालाई पर्यटक दम्पतीले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा ल्याई उपचारार्थ सर्जिकल वार्डमा भर्ना गरेका छन् । आइतबार बिहान अन्दाजी १० वर्षकी उक्त बालिकाको अपरेशन गरी डाक्टरहरूले देब्रे हातको तीनवटा औंला काटेर फालेका छन् ।

मदेशतर्फ घर भएको अनुमान गरिएकी उक्त बालिकाको हालसम्म पूर्णतया: होस् नआएको र बोलेको समेत नबुझिएको एन्डी जोन्सन बताउँछिन् । उनी भन्छिन् 'हामीहरूले यसलाई सडकको किनारमा बेहोस अवस्थामा रहेकोले उपचार गर्न ल्यायौं, यसले गर्दा हाम्रो यात्रा गर्ने कार्यक्रमलाई असर पारे पनि पूर्णतया: ठीक नपारी र जिम्मेवार व्यक्तिलाई नबुझाई जाँदैनौं ।'

विदेशी पर्यटककै कारण यस वार्डमा नर्स र डाक्टरले राम्रो सेवा दिएको बताउँदै सोही अस्पतालकी बिरामी दिलमाया पुन भन्छिन्– 'यिनीहरू गएपछि वार्डमा डाक्टर नआउने हुनाले बालिकाको राम्रो हेरचाह हुने कुरामा शंका छ । नेपालीहरूले वास्तै नगरेकी यस केटीको उपचारका लागि उनीहरूले पाउरोटी मात्र खाएर भए पनि उपचार गराइरहेका छन् ।'

अमेरिकाकी एन्डी जोन्सन र बेल्जियमका उत्सव सुरमान्स विगत केही हप्तादेखि नेपालको भ्रमणमा रहेका थिए । काठमाडौं-कोदारी, काठमाडौं-पोखरा लगायतका थुप्रै ठाउँमा साइकलबाट यात्रा गरिसकेका पर्यटक दम्पतीको साइकलद्वारा काठमाडौं-भारत-पाकिस्तान हुँदै इरानको सीमाना देखि ट्रेनमा आफ्नो देश फर्कने कार्यक्रम रहेको छ ।

*साभार: नेपाल समाचारपत्र*



Downloaded from http://www.dhamma.digital

# "कुछ खोकर पाना है कुछ पाकर खोना है ..."

– भिक्षु आनन्द नइरोबी केन्या, दक्षिण अफ्रिका

... क्वथाय् थ:गु हे धूने, थ:गु हे संसारे तनाच्वना । चीर-परिचित मांदे, थ:थिति, पासाभाई, दातापिं, वातावरण अले परिस्थिति नाप तापाना थन थ्यंगु (नइरोबी, केन्या) लत्या दत । अजनवी व अपरिचित् देशे, न्हूगु वातावरणय्, याक:चा थ:त तंके मा:बले नुग: काइय्यां मिनाच्वन । गबलें... गबलें ... सुं ... मदुगु ... सुन्सान, अनकण्टार थासे थ:, लं दापा जुया ... गन्तव्य थाय् लुयके मफया, लंतंम्ह लँजुवा ला धैथें मती वल । अज्झला, सात् समुन्द्रया वारी थ: याकचा च्वनेमा:बले म्हाइपुया, उकुस्-मुकुस ज्वीबले ... काचाक्क पपूजक थ:के द:सा थ: धैपिं दुथाय्, मन न्ह्याइपुइथाय्... फतिं फत्तले याकनं ब्वया वनेला धैथें मती वइ ... । तर छुयाय् ... बुद्धया शन्देश इनाबीगु इच्छां ... सद्धर्म मथुया ब्युं थाय् लिकुना च्वंपिन्त ... वस्पोलया अमृतोपदेशया ज: क्यना बीत प्रतिज्ञा याना वय्धुन । वाक्कुछिना सहयाय् माल । ओहो ... । वस्पोलं सम्बोधि ज्ञान प्राप्त याय्त याना विज्यागु त्याग ... तपस्या ... पारमिता ... सहनशीलता ... वाधा ... अड्चन ... झाल-झमेलाया न्ह्य:ने ला थ्व छु धैथें थ:त थम्हं न्वाना ।

थनिं लत्या न्ह्यो ८ जून खुन्हु, केन्याया नइरोबी शहरे अवस्थित "थेरवाद बौद्ध केन्द्र" या निमन्त्रणाया सिल्सिलाय् गबलें वय्मनंगु ... अज्झ 'अफ्रिका' थें जा:गु देशे गन कि अप्व धैथें मनूत वनेत भचा लिचिली गन कि मेमेगु महादेशे स्वया मनूत ग्यानापु वा मभिं वा अजूचाइपुसे च्वंपिं धका प्राय: मनूतेसं विचा: याइ । थ्व धारणाय् वास्तविकता ला मदूगु मखु । गन कि वहनी वा चान्ह्य् लँय् सडकं ज्वी धैगु ज्यान पाना वनेमा:गु अवस्था दनि । गन कि मनू-स्याय्गु, लुट-मार, जर्बजस्ति याय्गु धैगु दैनिक सामान्य घट्ना ख: । तर (खास् ला मेमेगु देशेय् नं मदुगु मखु) अज्यागु थासय्, देशे, वातावरणे मनूतेगु पुचले वना धर्मप्रचार याय्गु धैगु चिमिसं हे तिं तिं स्वाइगु ... नुग हे भारा-भारा मिनिगु ... घटना व अनुभव ख: । व स्वया नं सुन्सान विहारे थ: याक:चा दिन ... रात ... बिते याय्गु धैगु तपस्या हे, जुयाच्वन । तर ..., अय्सां ... तथागतया धर्म न्ह्याक्व हे थूसां व्यवहारे छ्यूलेबले उलि हे कठीन, उलिहे झ्यातु ... उलिहे थाकु ... बिना शहनसीलता ... उर्फ ... असम्भव ... ! मानौं ... जाय्क झ्यातुगु सामान तया भारी क्वबुया ... पहाड गय् थें ! गबलें गबलें ला कु दिका विस्यूं वनेला... धैथें मती वइ ... । गबलें गबलें थ:त थम्हं आत्मानुकम्पां स्वया मनं मनं थ:तं थम्हं धाय् ...

'म पनि त मानिसै हो
छाति-भित्र मुटु चल्छ ..."

तर बुद्धया जीवनीया घटना, वस्पोलया महा अभिनिष्क्रमण (मानव इतिहासे ला-हि, दु:ख मनूनं या:गु सर्वश्रेष्ठ बलिदान) उलिजक ला वेस्सन्तर जातक, सुतसोम जातक, चन्दकिन्नर जातक थें जातक बाखँने वस्पोलं याना बिज्यागु त्याग ... तपस्या बलिदानया न्ह्योने; स्वीगु पारमिता ... उपपारमिता ... अले परमत्थ ... पारमिताया न्ह्यने ला झीगु बलिदान ल्याखे याय् बह: मजू ।

दिन् बिते जुया वनाच्वन ... ! छम्ह-निम्ह यायां मनूत म्हसिया वल । अले भाय् छगू निगू शब्द थुयावल । थ:याकचा मखु खनिं ... वातावरण व स्थानीय मनूत नाप गुलि भेलेपुनी उलि हे थ: थम्हं परिचित जूगु भान ज्वी । अज्झला श्रीलंकाली, थाइ, इण्डियनत जक मखु थ:हे देशया 'नेवा' दाजु किजापिं थज्या:गु थासे नापलाईबले गुलि हर्ष व खुशीया अनुभव ज्वी धैगु थ:म्हं जक सी !

अफ्रिका ... व अज्यागु प्रत्यन्त महादेश ख:कि; गन विश्वया प्राचीनतम सम्भता निसें कया आधुनिक युगया जीवन शैली जीवन्त जुयाच्वंगु देश ख: । गनकि मानव सभ्यताया प्रारम्भिक सभ्यता, संस्कृति, चाल चलन आतक्क थनया मनूतेगु ला:हि क्वें नापं सम्बन्ध जुया च्वन तिनी । गुगु कि इमिगु दुग: क्वें ख: अले पश्चिमी मनूत अन्तरिक्ष पारंगत जुया चन्द्रमाय् ...

मंगल ग्रहले हे छाय् पला थ-मतेमा ... थनया केन्याया सम्बुद्ध (Samburu), मसाइ (Masai) थें जापिं ग्रोत्रिक-जनतेत च्यूता मदु । इमित इमिगु हे ला, हि, क्वें भाषा, संस्कृति, जन-जीवन त:धं, अले सर्वोपरि । आधुनिक विज्ञानया अद्भूत जनक-चमत्कार जनक आविष्कार, गुगुकि, प्राविधिक क्षेत्रे, अनौथो आविष्कार ... कम्प्यूटर -विज्ञानं थौं विश्वया हरेक क्षेत्र प्रभावित याय् धुंकल । गुगुँ हैसियतं थ:गु क्वथाय् च्वनां संसार स्वे, खने, खँल्हाय् दय् धुंकल । तर थनया आदीवासी मनूत अज्ञनं लँ जुवा ... सा जवा तिनि । थ:गु हे जीवनशैली, ल्हाते भाला व धाल, ल्हाते व गबले जायक थी थीया भिंपुमा क्वखायगु, पारम्परिक न्ह्यांगु वस्त्र, अज्ञ ला लाकां मदेक गमन । थ:गु हे सिंपौ वा चांभुनां, गो:लाका भुँई तलायाना दयका त:गु छें इमिगु लागिं दरबार ... । थौं ... थन बाय् जूसा कने मेथाय् हे बास ... । गन थम्हं लहिना तयापिं वस्तुतेत (सा, मे, च्वले ... आदि) धाँय् न नसा पर्याप्त ज्वी अन वनेगु व च्वनेगु जीवन शैली । घुमक्कड-या जीवनं !

तर ... जिं अनुभव याना आधुनिक विज्ञान व प्राविधिकया सुख-सुविधां, अले शहरया पाँच-तारे होटल क्लबया रंगीली जिन्दगी बीमफुगु स्वतन्त्रता, सान्त्वना, सुख व चैन, अले छह्ममेस्यां मेम्हसिगु तुति ज्वना-सालेगु परस्पर, जीवने गन राग-रीस, इर्ष्या-प्रतिशोधं भयब्यूगु, कंक्रिट जंगलया मानसिक तनाव थ उत्पीडनं जायाच्वंगु दु; गन मारकाट, लूटपाट हातपात, जर्वजस्ती व षडंयन्त्र भयभित वातावरण दु ... अज्यागु वातावरणं अलग्ग जुया खुल्ला हावाय्, थ: य:थें ल्हा-तुति चकंका, स्वतन्त्रता रूपं सुयांगु घुर्कि व अर्डर मन्यंसे म्वाय् दैगु जीवन, धात्थेंया स्वतन्त्र जीवन ख: । ...

*(पियादिसं पलख ! ... न्ह्न्हूगु अनुभव नापं ... बाँकी मेगु अंङ्कय्)*

★

यो पनि थाहा पाइराखे राम्रो हुने कुरः

## अज्ञानता र अन्धविश्वासले सुत्केरी महिलाको मृत्यु

अज्ञानता र अन्धविश्वासले मकवानपुरकी एक सुत्केरी महिलाको अकालमै मृत्यु भएको छ । गोगने गा.वि.स.की २१ वर्षीय सरस्वती लामा सुत्केरी भएको १० दिनसम्म अति रक्तस्राव भएको स्थानीय बासिन्दा गणेश घलान बताउँछन् ।

सुत्केरी सरस्वतीको योनीबाट रगत बग्न थालेपछि रक्तस्राव रोक्न स्थानीय धामीझाँक्री मात्र लगाएनन् २ बोका र ५ कुखुराको भाले भोग दिइएको थियो ।

'धामीझाँक्रीहरूले ह्यांग्रो ठोकेर निको पार्ने दाबी गरेकाले परिवार र छिमेकीले एक घण्टा टाढा रहेको स्वास्थ्य चौकीमा बिरामी उपचारको निम्ति लगेनन्', घलानले बताए ।

हेटौंडामा मजदुरी गरेर भदौको पहलो साता गोगने पुगेका घलानले भने– "छिमेकीका सुत्केरी बिरामी भएको चाल पाएपछि उपचारको निम्ति स्वास्थ्य चौकी लान सरस्वतीको परिवारलाई अनुरोध गर्दा सुनुवाई नगरेकाले उनको अकालमै मृत्यु भएको थियो ।

स्थानीय झाँक्रीले सरस्वतीलाई बोक्सी लागेको छ, ह्यांग्रो ठोकेर र मन्छाएपछि निको हुने कुराले सरस्वतीका पति, सासू र ससुरा विश्वासमा परेका थिए । शिखरकोट बजारबाट ६ घण्टा पैदल हिंडेर पुगिने उक्त गा.वि.स.को साक्षर प्रतिशत एकदम न्यून छ भने विकासको गतिले पनि उक्त गा.वि.स.लाई छुन सकेको छैन ।

तामाङको बाहुल्यता रहेको उक्त गा.वि.स.का अधिकांश बासिन्दा स्वास्थ्य चौकी, स्वास्थ्य कर्मीको भन्दा धामीझाँक्रीको अति विश्वास गर्ने गर्छन् । जसले गर्दा अकालमा यहाँका बालबालिका र महिलाको मृत्यु हुने गरेको स्थानीय विद्यालयका शिक्षक नूतनदेव साह बताउँछन् । गर्भवती एवं सुत्केरी महिला धामीझाँक्रीकै कारणले वर्षेनी ५ जनादेखि १० जनाको मृत्यु हुने गरेको शिक्षक साह बताउँछन् ।

गाउँका बासिन्दामा अन्धविश्वास रहेको र अशिक्षित भएकाले सामान्य रोग लाग्दा पनि बालबालिका एवं महिलाको मृत्यु हुने गरेको स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख डा. रामलखन शाह बताउँछन् । धामीझाँक्रीको शिकार बढी मात्रामा बालबालिका र महिला हुने गरेको डा. शाहले बताए ।

नेपालमा प्रतिदिन १२ र प्रतिवर्ष चार हजार आमाको असुरक्षित गर्भ तथा बच्चा जन्माउँदा मृत्यु हुने गरेको स्वास्थ्य सेवा विभागले हालै प्रकाशित गरेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा नेपालमा प्रतिदिन दुई हजार ६ सय ५७ महिला गर्भवती हुने र तीमध्ये तीन सय ९९ जनाले कुनै न कुनै गर्भवतीसम्बन्धी समस्या भोग्ने गरेको र गर्भको समस्याका कारण मृत्यु हुनेमध्ये ४६ दशमलव ३ प्रतिशत आमाको अत्यधिक रक्तस्रावबाट मृत्यु हुने गरेको उल्लेख छ ।



Downloaded from http://www.dhamma.digital

## बुद्ध पूजा एवं धर्म देशना

२०५८ आश्विन १३ गते, शनिवार। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले एकदिने (नमो बुद्ध) तीर्थस्थलको दर्शन कार्यक्रम आयोजना गरेको छ।



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी समूहको तर्फबाट नमो बुद्धमा बुद्ध पूजा गर्दै।

सामूहिक बुद्ध पूजा गरी शुरू भएको उक्त कार्यक्रममा इन्दावती गुरुमाँले यस स्थानको महत्त्व र ऐतिहासिक पृष्ठभूमि बारे प्रकाश पार्नुभयो।

समय समयमा यस गोष्ठीले यस्ता बौद्ध तीर्थस्थलको दर्शन कार्यक्रमको आयोजना गरी उक्त स्थलको ऐतिहासिक पृष्ठभूमीलाई प्रकाश पारी श्रद्धालु उपासक उपासिकाहरूलाई जानकारी दिंदै आइरहेको अवगत गराउन चाहन्छौं।

अन्तमा, यस गोष्ठीद्वारा आयोजित उक्त कार्यक्रममा अध्ययन गोष्ठीका सचिव इन्द्रकुमार नकर्मीले सहभागी सबैलाई धन्यवाद र नयाँ अनुहार हरूलाई धर्मकीर्ति विहार र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा भविष्यमा आयोजना गरिने कार्यक्रममा पनि सहभागी बनी सहयोग गर्न अनुरोध गर्नुभयो।

### मैत्री

२०५८ आश्विन २७ गते। यसदिन इन्दावती गुरुमाँले मैत्री विषयमा प्रवचन दिंदै भन्नुभयो–

"मैत्री द्वेष रहित चित्तको स्वभाव हो। यो चर्तुब्रह्म विहार मध्ये एक हो। आज विश्वमा जताततै अशान्ति बढीरहनुको मुख्य कारण पनि मैत्री चित्तको अभाव भएर नै हो।

भगवान् बुद्धले भन्नुभएको छ,–

"नहि वेरेन वेरानी-सम्मन्तीध कुदाचनं
अवेरेन च सम्मन्ति-यस धम्मो सनन्तनो"

अर्थ– वैर भावले वैर कहिले पनि शान्त हुँदैन। अवैरभाव (मैत्री भाव) ले मात्र वैर शान्त हुन्छ। यही नै सनातन देखि चलीआएको धर्म हो।

मैत्री चित्त रहित व्यक्तिले धेरै प्रकारबाट अरूप्रति अकुशल कार्यहरू गरिन्छन् भने मैत्री चित्तयुक्त व्यक्तिले अरूप्रति कुशल कार्यहरू मात्र गरिन्छ।

मैत्री भावना शुरू गर्दा पहिला आफैबाट शुरू गरी पछि गुरुजन र आमा-बुबा आदि व्यक्तिहरूमा मैत्री भावना विस्तार गर्दै लानुपर्ने कुरा बताइएको छ।

संसारमा वास्तविक शान्तिको लागि मैत्री नै मुख्य हो। तसर्थ सबैले मैत्री भावना वृद्धि गरी आफूलाई ठीक बाटोमा लान सकोस्।"

यसदिन नीता केशरीले कक्षाको प्रतिवेदन लेख्नुभएको थियो।

### धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षा

२०५८ आश्विन २० गते। यसदिन वीर्यवती गुरुमाँले अहिंसा विषयमा बोल्नुहुँदै भन्नुभयो– "कुनैपनि व्यक्तिको मनमा जब राग, द्वेष जस्ता कलुषित भावनाहरू आई तीब्र रूपले ठाउँ लिन्छ, तब त्यस व्यक्तिबाट अरू प्राणीलाई हिंसा कार्य हुने सम्भावना बढी हुन्छ। फलस्वरुप उसको मन, वचन र शरीरबाट हुने धेरैजसो कार्यहरू नै कलुषित र हिंस्रक हुन पुग्दछन। जति पनि हिंसाले युक्त कार्यहरू गरिन्छन्, ती सबै आ-आफ्ना स्वार्थपूर्तिका लागि गरिन्छन्। आफ्नो स्वार्थ पूर्तिका लागि कुनै पनि व्यक्तिलाई मानसिक रूपमा आघात पर्नेगरी वचन प्रयोग गर्ने, अङ्ग-भङ्ग हुनेगरी शारीरिक यातना दिने र त्यस्तो काममा अरूलाई पनि सहयोग गर्ने आदि कार्यहरू पनि हिंसा कार्य अन्तरगत नै पर्दछन्। कर्म र कर्मफलको बारेमा विश्वास नभएका र ज्ञान नभएका व्यक्तिहरूले अरूप्रति यस्ता खराब व्यवहारहरू बढी मात्रामा गर्न पुग्छन्। आफूले गरेका कुशल र अकुशल कार्यको नतीजा आँफैले भोग्नुपर्छ भन्ने विषयमा विश्वास गरी यस्ता हिंस्रक प्रवृत्ति छोड्न सकेमा मात्र मनमा मैत्री, करूणा, मुदिता र उपेक्षा भावनाले ठाउँ लिई हिंसाको स्थानमा अहिंसा, दया र मायाले ठाउँ ओगट्नेछ। फलस्वरूप समाजको वातावरण शान्त र सुखमय बन्ने छ। आजभोलिको हिंसायुक्त वातावरणमा यस्तै अहिंसा भावनाको ठूलो खाँचो रहेको छ।"

**दोस्रो आन्तरिक हाजिर–जवाफ प्रतियोगिता**

२०५८ कार्तिक १ गते, स्थान- मैत्रेय युवासंघ भक्तपुर ।

मैत्रेय युवा संघका सदस्यहरूलाई बुद्ध धर्म सम्बन्धी अध्ययन गराउने उद्देश्य राखेर दोस्रो आन्तरिक हाजिर-जवाफ प्रतियोगिता सम्पन्न गरिएको समाचार छ ।

सामूहिक पञ्चशील प्रार्थना पछि शुरू गरिएको उक्त कार्यक्रमका निर्णायक मण्डलमा रत्नसुन्दर शाक्य र लक्ष्मीचन्द्र बज्राचार्य रहनुभएको थियो भने मुनि विहारका अध्यक्ष रामकृष्ण वैद्यले विजयी टोलीहरूलाई बुद्ध मूर्ति पुरस्कार: वितरण गर्नुभएको थियो ।

उक्त कार्यक्रम संघका अध्यक्ष तीर्थराज बज्राचार्यको सभापतित्वमा सम्पन्न भएको थियो । अध्यक्षले युवा वर्गहरूलाई बुद्ध धर्म सम्बन्धी ज्ञान दिने उद्देश्य लिएर यस्तै रचनात्मक कार्यक्रम गर्दै जाने कुरा अवगत गराउनुभयो ।

प्रथम विजयी टोलीलाई बाबुकाजी बज्राचार्यले रु. १०१/– पुरस्कार दिनुभएको थियो । उक्त पुरस्कार संघलाई नै आर्थिक सहयोगको रूपमा प्रदान गरिएको थियो । यसरीनै प्रताप बज्राचार्यले पनि संघको लागि रु. १००/– आर्थिक सहयोग दिनुभएको थियो ।

ज्ञानेन्द्र शाक्यले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा कृष्णचन्द्र बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो र राजुमान बज्राचार्यले कार्यक्रम संचालन गर्नुभएको थियो ।

प्रतियोगितामा विजयी हुने विभिन्न समूहका प्रतियोगीहरू:–

| प्रथम | दोस्रो | तेस्रो | चौथो (सान्त्वना) |
|---|---|---|---|
| तुलसी काजी मानन्धर | प्रकेशरत्न शाक्य | प्रभा शाक्य | हर्षरत्न शाक्य |
| समण श्रेष्ठ | प्रभा बज्राचार्य | किशोर मानन्धर | सारदाभक्त मानन्धर |
| देवसुन्दर शाक्य | मंगली बुद्धाचार्य | कान्छी शाक्य | अलीना शाक्य |

**ललितपुरमा धार्मिक कार्यक्रम**

२०५८ कार्तिक १ गते ।

ल:पु दरवार हाताको विश्व मैत्री विहारमा शील प्रार्थना र बुद्ध पूजा पछि भिक्षु बुद्धघोष महस्थविरले धर्मदेशना गर्नुहुँदै भन्नुभयो– "धर्म श्रवण गर्दा आफूले कहिले पनि सुन्न नपाएका ज्ञान-गुणका कुराहरू सुन्ने मौका प्राप्त हुन्छ, आफूमा रहेका नचाहिंदा शंकाहरू निवारण हुन्छन्, ठीक तरिकाले कुरा बुझ्नसक्ने क्षमतामा बृद्धी हुनेछ ।"

उक्त अवसरमा प्रा. आशाराम शाक्यले प्रज्ञा उपाय मिलन भएको खण्डमा राग, द्वेष र मोह निवारण हुनसक्ने विषयमा चर्चा गर्नुभयो ।

त्यसरी नै दिलशोभा शाक्यले पुष्प धूपले पूजा गर्नु यथार्थ धर्म होइन । वास्तवमा आचरण राम्रो हुनु नै शुद्ध धर्म हो भन्नुभयो । युवा बौद्ध मण्डलका पूर्व अध्यक्ष प्रेमबहादुर बज्राचार्यले विहारमा गएर धर्म श्रवण गरे तापनि धेरैजसो व्यक्तिले पुराना कुसंस्कारहरू र परम्परावादी व्यवहार त्याग्न सकिरहेका छैनन् । त्यसैले धर्मचेतनामा जागरण ल्याउन अति जरूरी भएको कुरा उल्लेख गर्नुभयो ।

ल.पु. दक्षिण माझखण्डका चन्द्रबहादुर तामाङ्गले आफू पहिले प्राणी हिंसा गरी मासु, जाँडरक्सी सेवन गर्ने व्यक्ति भएपनि दशदिन विपश्यना शिविरमा सहभागी भइसकेपछि भने धर्मानुकूल आचरण गरी चित्त निर्मल पार्ने कार्यमा दत्तचित्त रहेको कुरा बताउनु हुँदै गौरवान्वित हुनुभयो ।

यसरी नै हेराकाजी सुइका शान्तमान शाक्य आदिले इमान्दारी र सेवाभावले काम गर्न सके मानिसको महत्त्व बढ्ने कुरा प्रकट गर्नुभयो । उक्त कार्यक्रममा पवित्रबहादुर बज्राचार्यले स्वागत भाषण गर्नुभएको थियो भने लोकबहादुर शाक्यले उद्घोषण गर्नुभएको थियो ।

**हिरण्यवर्ण महाविहारमा धर्मदेशना**

श्री आजु धर्मरत्न शाक्यको सभापतित्वमा सम्पन्न भएको एक सभामा त्रिभुवन विश्वविद्यालय बौद्ध कक्षाका प्रमुख डा. नरेशमान बज्राचार्यले "बुद्ध धर्मको १२ प्रकारका धर्मकथा" मध्ये जातक कथा पनि एउटा हो भन्नु भयो । साथै धर्म श्रवण गर्दाखेरी अध्ययन परीक्षण र अनुभव गरेर मात्र स्वीकार गर्नुपर्ने विषयमा पनि जोड दिनुभयो ।

शुक्रराज शाक्यले संचालन गर्नुभएको उक्त



Downloaded from http://www.dhamma.digital

कार्यक्रममा लोकरत्न शाक्यले स्वागत भाषण गरी लोकबहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## शस्त्र परित्याग दिवस

२०५८ कार्तिक १० गते । स्थान- नगदेश बुद्ध विहार ।

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा "२२६३ औं शस्त्र परित्याग दिवस" मनाइएको समाचार छ । श्रद्धेय भिक्षु वरसम्बोधिले शील प्रार्थना गराउनुभएको उक्त कार्यक्रममा प्रमुख अतिथीको आशनबाट बोल्नुहुँदै उहाँले सम्राट अशोकको योगदान बारे चर्चा गर्नुभयो भने रामभक्त हाँयूजुले स्वागत मन्तव्य दिनुभयो । यसरी नै उक्त कार्यक्रममा कृष्णकुमार प्रजापतीले धर्म सम्राट अशोक र महान विजया दशमी बारे कार्यक्रम पेश गर्नुहुँदै भन्नुभयो– "आजभन्दा २२६३ वर्ष अघिको विजया दशमीको दिनमा सम्राट अशोकले कलिङ्गको अन्तिम युद्ध मैदानमा शस्त्र-अस्त्र परित्याग गरी आफूलाई ठीक तरीकाले विजयी तुल्याउने महान कार्य गर्नुभएको थियो र निशस्त्रीकरण अभियानको नायक हुनुभएको थियो । ई.पू. २६२ को विजया दशमीको दिनदेखि नै सम्राट अशोकले आफ्नो हृदय परिवर्तन गरी धार्मिक तवरले तीन दशक भन्दा बढी शान्तिपूर्ण ढंगले शासन व्यवस्था चलाएको थियो । ई.पू. २६२ देखि नै बुद्ध शिक्षामा पूर्ण श्रद्धा राखी बौद्ध उपासक सम्राट हुनुभयो र पशुपंक्षी लगायत मानिसहरूको लागि अस्पताल खोल्नुभयो । बाटोको ठाउँ ठाउँमा कुवा र इनारको व्यवस्था गरियो । बौद्ध तीर्थ यात्राको क्रममा भगवान् बुद्धको जन्मथलो "लुम्बिनी" लगायत अन्य विभिन्न ऐतिहासिक थलोहरूमा शीला स्तम्भ खडा गर्नुभयो ।"

शिवभक्त मेजुले सधन्यवाद व्यक्त गर्नुभएको उक्तसभा ज्ञानकुमार वाडेको अध्यक्षतामा सम्पन्न भएको थियो । यसरी नै उक्त कार्यक्रम राजकृष्ण वाडेले संचालन गर्नुभएको थियो । सोही उपलक्ष्यमा नगदेश बुद्ध विहारका उपासिका जगत लक्ष्मी वैद्यले आफ्ना दिवंगत पिता जगतमान वाडेको पुण्यस्मृतिमा जग्गा प्रदान गरिएकोमा दिवंगत वाडेको पूण्य तिथीमा नगदेश बुद्ध विहारको धम्महलमा बुद्ध पूजा आयोजना गरियो ।

बुद्ध पूजा कार्य सम्पन्न भएपछि बौद्ध परियत्ति शिक्षाका संचालिका शिक्षिका सुचिवती गुरुमाँले बु.सं. २५४४ को परियत्ति परिक्षामा उत्तीर्ण भएका शिक्षार्थीहरूलाई प्रमाण-पत्र वितरण गर्नुभएको थियो ।

## लुम्बिनीमा शान्ति स्तूप उद्घाटन

२०५८ कार्तिक १८ गते । पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापती गिरिजाप्रसाद कोइरालाले एक भव्य र विशेष समारोह बिच लुम्बिनी स्थित एकचालीस मिटर उचाई र ५१ मिटर चौडाई भएको शान्ति स्तूप उद्घाटन गर्नुभएको छ ।

जापानी बौद्ध संस्था निप्पोनजान म्योहोजीका संस्थापक भिक्षु गुरु निचिदात्सु फुजीले सन् १९३१ मा लुम्बिनी भ्रमण गर्नुहुँदै लुम्बिनीमा विश्व शान्ति स्तूप निर्माण गर्ने संकल्प गर्नुभए बमोजिम १० करोड रुपैयाँको लागतमा उक्त स्तूप निर्माण गरिएको हो ।

वि.सं. २०५० कार्तिक २७ गते नेपाली कांग्रेसका सभापती कोइरालाले नै तत्कालीन प्रधानमन्त्रीको रूपमा उक्त स्तूपको शिलान्यास गर्नुभएको थियो । उक्त अवसरमा बोल्नुहुँदै उहाँले बुद्धको उपदेश आजझन बढी सान्दर्भिक भएको चर्चा गर्नुहुँदै निःशस्त्रीकरण, पारस्परिक विश्वास, प्रेम, समानता, स्वतन्त्रता र न्यायमा आधारित समाजको खोजी बुद्धको उपदेशहरूबाट प्रतिपादित विषय हो भन्नुभयो ।

उहाँले बुद्धको शान्ति उपदेश विश्वव्यापी रूपमा प्रचार गर्न लुम्बिनी क्षेत्रमा दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल अनिवार्य भएको चर्चा गर्नुहुँदै लुम्बिनी पूर्वीय र पश्चिमेली राष्ट्रका पर्यटकहरूको मिलन केन्द्रको रूपमा विकसित गर्न यहाँ तत्कालै विमानस्थल निर्माण हुनुपर्ने आवश्यकतालाई औंल्याउनुभयो ।

लुम्बिनी शान्ति स्तुपको समुद्घाटन समारोहलाई श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीर बिक्रम शाहदेवबाट बक्स भएको सन्देशमा मौसूफबाट यसरी हुकुम भएको छ–

"अढाई सहस्राब्दी अगाडि भगवान बुद्धबाट प्रतिपादित अहिंसा, शान्ति, करूणा र सहिष्णुताका आदर्शहरू आज पनि त्यत्तिकै सान्दर्भिक रहेको छ । ती आदर्शहरू हाम्रो जीवन पद्धतिमा अपनाउन सकेमा मात्र अर्थपूर्ण हुनेछन् ।

भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा निप्पोनजान म्योहोजी जापानबाट लुम्बिनी शान्ति स्तुप स्थापित भएको थाहा पाउँदा हामीलाई खुशी लागेको छ। शान्ति स्तुपले अहिंसा र शान्तिपूर्ण सह-अस्तित्त्वमा आधारित विश्वको निर्माणका लागि प्रेरणा प्रदान गरून।"

उक्त समारोहमा सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बलबहादुर केसीले लुम्बिनी विश्व शान्तिको मुहानको रूपमा विश्व सामु स्थापित रहेको चर्चा गर्नुहुँदै सभ्यताको साँस्कृतिक केन्द्रको रूपमा पनि लुम्बिनी रहेको छ भन्नुभयो। उहाँ लुम्बिनी विकास कोषका अध्यक्ष पनि हुनुहुन्छ।

जापानका मुख्य भिक्षु ग्योटेन योशिडाले मानव जातीको रक्षाका लागि सह-अस्तित्त्वको धारणा बलियो बनाउनु पर्ने आवश्यकतामा जोड दिनुभयो।

दक्षिण एशियाकै सबैभन्दा ठूलो र अग्लो सो स्तूप निप्पोनजान म्योहोजीले विश्वमा बनाएका ७५ वटा शान्ति स्तूपहरू मध्ये पनि सबैभन्दा ठूलो मानिएको छ।

स्मरणीय छ, वि.सं. २०५० सालमा निर्माण कार्य शुरू गरिएको सो स्तुपको निर्माण सम्बन्धी रेखदेख कार्य भिक्षु युनाताका नावातामेले गरिरहनु भएको बेला २०५४ सालमा उहाँको हत्या भएको थियो। सोही कारणले स्तूपको निर्माण कार्य केही समयको लागि रोकिएको थियो।

## ख्वपय् परियत्ति ता:लापिन्त दसिपौ

२०५८ कार्तिक ४ गते। बु.सं. २५४४ या परियत्ति परिक्षाय् ता:लापिं बौद्ध समकृत विहार केन्द्रया ब्वंमिपिन्त छगू ज्याझ्वलय् दसिपौ व पुरस्कार ल:ल्हाय्गु ज्या सम्पन्न जूगु समाचार दु।

पञ्चशील प्रार्थना यासें शुरू जूगु उगु ज्याझ्वलय् सहभागिपिन्त रत्नसुन्दर शाक्यं लसकुस यानादिगु ख:सा तिर्थराज बज्राचार्य, तुलसीकाजी मानन्धर व संघरत्न शाक्यं परियत्ति शिक्षाया महत्त्व विषय थ:थ:गु नुग: खँ प्वंकादिगु ख:। विहारया केन्द्राध्यक्ष भिक्षु धम्मशोभण महास्थविरया सभापतित्वय् जूगु थुगु ज्याझ्वलय् परियत्ति शिक्षा थ:गु जीवन ता:लाकेत मदय्क मगा:गु खँय् वसपोलं जोड बिया बिज्यात। लक्ष्मीचन्द्र बज्राचार्यं न्ह्याकादिगु थुगु ज्याझ्व: पूण्यानुमोदन सिधय्का क्वचा:गु जुल।

★

## निजामति कर्मचारी अन्तर कार्यालय हाजिरी जवाफ प्रतियोगिता

२०५८ भाद्र २२ शुक्रवार। स्थान- प्रकाश माध्यमिक विद्यालयको प्रांगन, वेनी।

युवा बौद्ध संघ म्याग्दी वेनीको आयोजना र संघका सहसचिव राजेश शाक्यको संयोजकत्त्वमा निजामती कर्मचारी अन्तर कार्यालय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरिएको समाचार छ।

संघका अध्यक्ष रमेश श्रेष्ठको सभापतित्त्व एवं युवा विद्वान सुवास श्रेष्ठको प्रमुख आतिथ्यमा र म्याग्दी बौद्ध संघका संरक्षक पुण्यवहादुर शाक्यको विशिष्ट आतिथ्यमा सम्पन्न उक्त प्रतियोगितामा विजयी हुनु भएका प्रतियोगी कार्यालयहरू यसरी थिए–

जिल्ला बन कार्यालय – प्रथम, म्याग्दी जिल्ला अदालत – द्वितीय, जिल्ला शिक्षा कार्यालय – तृतीय।

उक्त कार्यक्रममा विजयी कार्यालयहरूलाई पुरस्कार र प्रशंसा पत्र प्रदान गरिएको थियो भने सहभागी प्रतियोगीहरूलाई पनि प्रशंसा पत्र एवं बुद्ध मूर्ति र मायाको चिनो प्रदान गरिएको थियो।

यस कार्यक्रम भिक्षु विशुद्धानन्दको निर्देशनमा संचालन गरिएको थियो।

## सटिपट्ठान विपश्यना

वेनी बजार स्थित बौद्ध चैत्य प्राङ्गणमा रहेको अस्थाई विहारमा भिक्षु बिशुद्धानन्द ३ महिना बर्षावास बसी बुद्ध शिक्षा प्रचार गर्नुभएको समाचार छ। उक्त अवधिमा प्रत्येक शनिवार एकदिन सटिपट्ठान विपश्यना ध्यान शिविर संचालन गरिएको कुरा थाहा हुन आएको छ। यसरी नै वर्षावास समापनको दिन बुद्धपूजा, सामूहिक ध्यान, दान, ज्ञानमाला भजन, बाल गृहका अनाथ वालवालिकाहरूलाई जलपान भोजन दान, उपासक उपासिका युवा र वालवालिकाहरू विच हाजिरी जवाफ प्रतियोगिता आदि कार्यक्रमहरू संचालन गरिएको थियो। उक्त कार्यक्रम वेनीमा एउटा बुद्ध विहार वनोस् र त्यस ठाउँमा बुद्ध शिक्षाको प्रचार होस् भन्ने उद्देश्यले जग्गादान गर्नुहुने दाता श्री पुण्य बहादुर शाक्यले उद्घाटन गर्नुभएको थियो।

उक्त कार्यक्रममा भिक्षु विशुद्धानन्दले धर्मदिशना गर्नुभएको थियो। कार्यक्रमको अन्त्यतिर संघका अध्यक्ष श्री यजनलाल शाक्यले भिक्षु विशुद्धानन्दले वर्षावास अवधिभर बुद्ध शिक्षा प्रचार गर्नुभएको हुँदा उहाँलाई र विहारलाई समेतगरी जम्मा रु. १०,०००/– (रु. दशहजार) दान गर्नुभएको कुरा पनि समाचारमा उल्लेख गरिएको छ।



Downloaded from http://www.dhamma.digital

## सुगतपुर विहार त्रिशुलीको गतिविधि

भिक्षु विमल कीर्ति सुगतपुर विहारमा बु.सं. २५४५ औं वर्षावास वस्नुभई समाप्तीको दिन सुगतपुर विहारमा शील प्रार्थना, बुद्ध पूजा, अष्टपरिष्कार दान, चीवर दान, आजीवन सदस्यताको प्रमाणपत्र वितरण आदि कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रम समापन पश्चात् सोही दिन लुम्बिनीमा निर्मित विश्व शान्ति स्तूप समुद्घाटनमा भाग लिन भिक्षु विमल कीर्ति सहित अन्य ४० जनाको टोली त्रिशुलीबाट लुम्बिनी प्रस्थान गरिएको समाचार छ ।

कार्तिक १६ गते देखि २३ गते सम्मको यात्रा अवधि भित्र उक्त टोलीले बुद्ध पूजा गरिएका स्थानहरू यसरी थिए–

नारायण घाट अवस्थित चितवन विहार, विश्व शान्ति स्तूप लुम्बिनी, महामायादेवी तथा सिद्धार्थ कुमार मूर्ति, महाबोधी शोसाइटी विहार, लुम्बिनी स्थित बुद्ध मूर्ति, महाबोधि विहार पाल्पा (आजीवन सदस्य बनी दान प्रदान गरिएको), विश्व शान्ति स्तूप अनडू डाँडा पोखरा, धर्मशीला बुद्ध विहार पोखरा (आजीवन सदस्य बनी दान प्रदान गरिएको), कुरीनटार केवुलकार स्थित चैत्य आदि ।

अन्त्यमा कार्तिक २३ गते अष्टमीका दिन सुगतपुर विहार त्रिशुलीमा बुद्ध पूजा गरी साप्ताहिक बुद्धपूजा कार्यक्रम समापन गरिएको ।

## बुद्ध विहारको गतिविधि

२०५८ कार्तिक १-१० गते ।
स्थान- बुद्ध विहार, सिद्धार्थ चौक धरान–८, सुनसरी ।

कार्तिक १–१० गते सम्म नवरात्री अवधिभर भिक्षु मैत्री तथा उक्त विहारका गुरुमांहरू सहित उपासक उपासिकाहरूको समूहले सामूहिक मैत्री ध्यान, शील प्रार्थना, परित्राण पाठ, बुद्ध पूजा र भिक्षु, गुरुमांहरूलाई जलपान, भोजन तथा यथाश्रद्धा दान गरिएको समाचार छ ।

## बुद्ध मूर्तिको चोरी

नवलपरासी । रामग्राम नगरपालिका-७ स्थित रामग्राम स्तुपमा पाँच वर्ष अघि प्रतिस्थापित बुद्ध मूर्ति चोरी भएको समाचार छ । बुद्ध धर्मको प्रचार प्रसारमा कार्यरत बुसिनो काई रेङ्गजी नामक जापानी संस्थाबाट वि.सं. २०५४ सालमा रामग्राम स्तूपमा राखिएको उक्त ढलौटको मूर्ति एक लाख पच्चीस हजार मूल्यको भएको थाहा हुन आएको छ । उक्त मूर्तिको खोजी कार्यजारी रहेको कुरा प्रहरीले जनाएको छ । *(साभार: स्पेस टाइम दैनिक)*

## बुद्धिष्ट समाजको प्रथम जिल्ला अधिवेशन

मन्थली, कार्तिक २७ । बुद्धिष्ट समाज विकास समिति रामेछापको प्रथम जिल्ला अधिवेशन सम्पन्न भएको समाचार छ । अल नेपाल बुद्धिष्ट समाजका केन्द्रिय महासचिव एवं पूर्व कृषि सहायक मन्त्री आङछिरिङ लामा रामेछाप क्षेत्र नं १ का सांसद कमलप्रकाश सुनुवारले संयुक्त रूपमा उद्घाटन गर्नु भएको सो अधिवेशनमा प्रमुख अतिथिको आशनबाट बोल्नुहुँदै आङछिरिङले विभिन्न क्षेत्रबाट पीडित गरिव तथा असहायको घाउमा महलम लगाउनु नै बुद्धज्ञान भएको कुरा बताउनु भयो । यसरी नै कार्यक्रमका अर्का वक्ता सांसद कमल प्रकाश सुनुवारले भौतिकवादी समाजलाई परिवर्तन र सुधार गर्नका लागि बुद्धका अर्ति उपदेश मार्गदर्शक हुने कुरा वताउनु भयो ।

हरिवहादुर योञ्जनको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा उहाँकै अध्यक्षतामा १५ सदस्यीय कार्य समिति पनि निर्वाचित गरिएको थियो । *(साभार: स्पेस टाइम दैनिक)*

## लुम्बिनी स्थित शान्ति स्तूप प्रतिष्ठापनकार्यमा भिक्षु ग्योटेन योशिडाको मन्तव्य

भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा हाम्रा गुरु श्रद्धेय निचिदात्सु फुजी गुरुजीले भारतको "पश्चिमी स्वर्ग" मानिनें ठाउँमा आफ्नो धर्म अभियान शुरू गर्नु भएको वेला शान्ति स्तूप स्थापना गर्ने प्रतिज्ञा गर्नु भएको थियो ।

एक्काइसौं शताव्दीको शुरुमा विश्वशान्तिको सिद्धान्तको प्रतीक स्वरूप यो शान्ति स्तूप निर्माण भएको छ । अन्धकारमा चुर्लुम्म डुबेको बेला यस ठूलो शान्ति स्तूपले ज्योति बनेर मानव जातिलाई पथ प्रदर्शन गर्नेछ । फुजी गुरुजीले नश्वर शरीर त्याग्नु भएको १७ औं वार्षिकी स्मृतिमा हामीहरू स्तूपको उद्घाटन गर्न समर्थ भएका छौं । आज हामी गौरवान्वित छौं । विभिन्न राष्ट्रबाट पाल्नु भएका प्रतिष्ठित धार्मिक व्यक्तित्वहरू, सम्माननिय प्रमुख अतिथी पूर्व प्रधानमन्त्री कोइराला ज्यू, विभिन्न देशका कूटनीतिक प्रतिनिधिहरू, आजको कठिन विश्व परिस्थितिमा पनि यहाँ पाल्नु हुने देश विदेशका आदरणीय पाहुनाहरू र मित्रगण ! यहाँहरूको अनुपम उपस्थितिको लागि हामी कृतज्ञ छौं ।

बुद्धत्त्वको वाटोलाई पछ्याउन सकेमा बुद्धको शान्ति र पवित्रता यस विश्वमा व्याप्त हुनेछ । यसले प्रभुत्त्व जमाउने छ । जव नियम र कानूनको उल्लंघन हुनेछ, तव यस संसार द्वन्दयुक्त हुनेछ । यस्तो समयमा मानव समाजमा लोभ, राग र द्वेषले व्याप्त हुनेछ । हालसालै मात्र अमेरिकामा घटेको आतंकवाद, प्रदूषण, विश्वमा घटेका अनेकन डरलाग्दा प्राकृतिक प्रकोपहरू र मानवजातिकै पतन हुनसक्ने सम्भावनाका कुराहरू पनि हामीले सुन्दै आएका छौं । त्यसैले मानिसहरूले डर र असुरक्षाको अनुभव गर्न थालेका छन् । बुद्धले हामी प्रति करूणा प्रदर्शन गर्नुभई सत्य तथ्य नियमको बाटो

देखाएर मुक्ति प्राप्त गर्ने उपदेश दिनु भएको छ ।

वर्तमान समय डरलाग्दो र भयंकर भए तापनि यहाँ उपस्थित भएर शान्ति स्तूपको साकार रूपलाई हेर्न पाउनु र शान्तिको निमित्त भव्य समुद्घाटन समारोहमा उपस्थित हुन पाउनु, पहिला कहिल्यै अनुभव नगरेको अहोभाग्यको रसाश्वादन गर्न पाउनु ठूलो कुरा हो । विश्व विनाश गर्न सक्ने हतियार भएको आजको समय कुनै पनि समस्यालाई हिंसाको माध्यमद्वारा समाधान गर्न खोज्नु आतंकवाद र हिंसालाई वढी प्रोत्साहन दिनु हो । यस्तो अवस्थामा मानिस स्वयम् दु:खका सृजनकर्ता हुन्छ र उ आफै प्रकृतिलाई समेत नाश गर्न उत्तरदायी हुनेछ । हाम्रो अस्तित्त्वको लागि कुनै पनि संघर्षलाई अन्त्य गर्ने माध्यमको रूपमा हामीले आतंकवादलाई अपनाउनु हुँदैन । कहिं कतै पनि आतंकवादको कुचक्रसंग हामीले सम्बन्ध तोड्नुपर्छ ।

भगवान् बुद्धले नमार्नु र नचोर्नु भनेर सिकाउनु भएको छ । हामीले हाम्रो मनभित्र करूणा र दान दिने प्रवृत्तिलाई हुर्काउन सकेमा आध्यात्मिक सभ्यताले समाजलाई विश्वास, श्रद्धा, आदर र आपसी सुमधुर सम्वन्धले निर्देशन गर्नेछ ।

धार्मिक नियमको अभिबृद्धि हुनुपर्छ । आजको डर र त्रासले भरिपूर्ण वर्तमान काललाई मानव मनलाई विकृतिबाट सोझ्याएर शान्तिपूर्ण ढंगले परिवर्तन गर्नुपर्छ । मानव जातिको रक्षाको लागि एक आपसमा आदर गरेर सह अस्तित्त्वको धारणालाई बलियो बनाउनु अत्यन्त जरुरी भइसकेको छ । श्रद्धा करुणाका कार्यहरू र सहृदयतापूर्ण आपसी आदर सत्कारबाट मात्र यस संसारमा शान्ति ल्याउन सकिन्छ भन्ने शिक्षालाई हामीले बुद्धले सिकाउनु भएको शिक्षाबाट सिक्न सक्छौं ।

शान्ति स्तूप यस्ता उपदेशका प्रतीक हुन् र यो स्थल सवै शान्तिप्रिय मानिसहरूका लागि पवित्र स्थल हो ।

फुजि गुरुजीले भन्नु भएको छ, नियम र कानूनको विग्रंदो अवस्थाको सामना गर्दै गरेको यस विश्वमा डर लाग्दो लडाई र हिंसाबाट मुक्ति प्राप्त गर्न, आतंककारी लडाइँ र झगडाको बाटो लिनुको सट्टा शान्तिको खोजी गर्नु करुणा र पूजाको वाटो अपनाउन प्रतिज्ञा गर्नुपर्छ । शत्रुहरूको हातहतियारसंग डराउनु भन्दा उनीहरूको आध्यात्मिक स्वभावलाई बुझेर उनीहरू पनि बुद्ध हुन सक्छन् भन्ने कुरामा विश्वास राख्नु पर्छ ।

बोधिसत्त्वको घृणा नगर भन्ने उदाहरणलाई अनुसरण गर्नाले मात्र पाँचवटा अकुशल पापहरूबाट प्रदूषित यस दु:खले पूर्ण भएको विश्वलाई बचाउन सकिन्छ । यस अभ्यासले मानव जातिलाई शान्तिको शक्ति र करुणा प्रदान गर्न बुद्धले दिनुभएको उपदेश हो र यो अभ्यास निप्पोनजान म्योहोजीको पनि हो ।

मानव मात्रले प्रतिपालन गर्नुपर्ने नियम र बाटोको रूपमा फुजी गुरुजीले यी कुराहरू सिकाउनु भएको छ ।

अन्त्यमा आएर म यस शान्ति स्तूपको निर्माणमा आफ्नो जीवन समर्पण गर्ने श्रद्धेय भिक्षु नावातामेको नाम उल्लेख गर्न चाहन्छु । मलाई विश्वास छ आजको समुद्घाटनमा उहाँको उच्च भावनाहरूले हामीलाई साथ दिइरहेको छ । आजको यस सुखद उपलक्ष र घडीमा उहाँ यहाँ हुनुभएको भए अत्यन्त खुशी हुने थियो होला ।

*-अनौपचारिक भावार्थ संक्षिप्त अनुवाद*

## श्रीघ: ज्ञानमाला रजत जयन्ती कार्यक्रम

ज्ञानमाला भजन रजत जयन्ती श्रीघ:या ग्वसालय् ज्ञानमाला भजन रजत जयन्ती न्यायक्यगु विषययात कया: छगू सभा च्वंगु समाचार दु । प्रभात मा.वि.कोथाय् च्वंगु उगु सभा भजन खल:या नायो प्रेमबहादुर शाक्यया सभापतित्त्वय् सम्पन्न जूगु ख: । का.न.पा. २८ वडाया नायो सुभान कुमार श्रेष्ठं थुगु ज्या ता:लाकेत सकसिंगु फुगु चा:गु गुहाली फ्वना दिलसा भाजु इन्द्र बहादुर श्रेष्ठं थ:गु न्वचु विसें ज्ञानमाला धयागु ज्ञानया भण्डार ख: । उकें थुकीयात सांगीतिक माध्यमं म्ये हाला: ज्ञानया प्रचार प्रसार यायमा: धयादिल । उगु सभाय् प्रकाश शाक्यं रजत जयन्ती ज्याझ्व: न्ह्यब्वयादिल । थुगु ज्याझ्व: वइगु सकिमिला पुन्ही खुन्हु त:जिक न्यायक्यगु खँ नं कनादिल ।

रजत जयन्ती ता:लाकेत दकले न्हापां जुजु भाई शाक्य न:घलं भिंदो दां नायोयात ल:ल्हाना: शुभारम्भ यानादिल । गुंला बाजं खल: नघ:या नायो रत्नमान शाक्यं नं नवानादीगु थुगु मूज्या भाजु सिद्धिरत्न शाक्यं न्ह्याकादीगु ख: ।

## ध्यानकुटी बाल आश्रमयात सहयोग

श्री धर्मवीर शाक्य जमल रू. ५००/-

श्रीमती बसुन्धरा सैंजु भेडासिं रू. ५००/-

सुश्री तिमिला रंजित मजिपात छम्हेसित दच्छियालागी स्कूल फीस रू. ५००/-

श्रीमती शिला तुलाधर ठहिटी क्वाबहाल बाल आश्रमया मस्तेत वस: दान ।

## थीथी विहारे कथिन चीवर दान

बु.सं. २५४५ दँया वर्षावास पूवंगु लसताय् थीथी विहारे थीथी दातापिसं भिक्षुसंघयात कथिन चीवर दान या:गु समाचारत थुकथं प्राप्त जूगु दु–

*थाय्–* श्रीकीर्ति विहार । २०५८ कार्तिक २० गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं: भिक्षु सुदर्शन महास्थविर प्रमुख मेपिं भिक्षुपिं । कथिन दान दाता – थाई राजदूत ।



Downloaded from http://www.dhamma.digital

थाय्– बुद्ध विहार, भृकुटी मण्डप । २०५८ कार्तिक २१ गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं– भिक्षु कोण्डञ्ञ, भिक्षु सुशील, कथिन दान दाता– चन्द्रमाया मानन्धर सपरिवार, वटु ।

थाय्– शाक्य सिंह बिहार थैना यल । २०५८ कार्तिक २२ गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं– भिक्षु धर्मपाल प्रमुख मेपिं भिक्षुपिं । कथिन दान दाता– मनोहरा देवी, मोक्ष देवी सपरिवार ।

थाय्– विश्वशान्ति विहार नयाँ बानेश्वर, मीन भवन । २०५८ कार्तिक २३ गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं– भिक्षु ज्ञानपूर्णिक महास्थविर प्रमुख मेपिं भिक्षुपिं । कथिन दान दाता– विश्व शान्ति दायक समिति । शान्ति सन्देश पत्रिका विमोचन ।

थाय्– मणिमण्डप विहार यल । २०५८ कार्तिक २४ गते

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं– भिक्षु शील भद्र महास्थविर । कथिन दान दातापिं– ज्ञानमाया शाक्य, चैत्यलक्ष्मी शाक्य आदि ।

थाय्– अन्तर्राष्ट्रिय ध्यान केन्द्र संखमूल । मिति २०५८ कार्तिक २५ गते ।

वर्षावास च्वनाबिज्या:म्ह भिक्षु सयादो उ सुजनपिय । कथिनदान दाता अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र परिवार ।

थाय्– बोधिचर्या विहार बनेपा । २०५८ कार्तिक २६ गते

वर्षावास च्वनाविज्याम्ह भिक्षु भिक्षु बोधिसेन महास्थविर ।

थाय्– पूर्वाराम विहार धुलिखेल । मिति २०५८ कार्तिक २९ गते ।

वर्षावास च्वनाविज्याम्ह भिक्षु– भिक्षु गुणघोष महास्थविर । कथिन दान दाता - गंगा उपासिका सपरिवार ।

थाय्– श्रीघ: विहार श्रीघ: न:घ । मिति २०५८ मंसिर १ गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं– भिक्षु धर्मसागर, भिक्षु मेघंकर । कथिनदान दाता– श्रीघ:विहार दायक परिषद ।

थाय्– मुनि विहार, ख्वप । २०५८ मंसिर ३ गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं– भिक्षु सम्यक ज्योति, भिक्षु नन्द ।

थाय्– जितवन विहार, थानकोट । २०५८ मंसिर ४ गते ।

वर्षावास च्वनाविज्या:म्ह भिक्षु– भिक्षु सुगतमुनि महास्थविर । कथिन दान दाता– बाबुकाजी, मोहनमाया सपरिवार

थाय्– बौद्ध समकृत विहार ख्वप । २०५८ मंसिर ५ गते ।

वर्षावास च्वनाबिज्या:म्ह भिक्षु– भिक्षु धम्मशोभन महास्थविर । कथिनदान दाता – विहारया उपासकोपासिकापिं ।

थाय्– गण महाविहार । २०५८ मंसिर ६ गते ।

वर्षावास च्वनाबिज्या:पिं भिक्षुपिं– उपसंघनायक भिक्षु सुबोधानन्द महास्थविर प्रमुख मेपिं भिक्षुपिं । कथिनदान दाता– भक्तिलाल श्रेष्ठ सपरिवार ।

थाय्– ध्यान कुटी विहार, वनेपा । २०५८ मंसिर ७ गते ।

वर्षावास च्वनाबिज्या:पिं भिक्षुपिं– भिक्षु अश्वघोष महास्थविर, भिक्षु अस्सजि । कथिनदान दाता– सूर्यमाया उपासिका सपरिवार ।

थाय्– संघाराम विहार ढल्को । २०५८ मंसिर ८ गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षु– भिक्षु संघरक्षित । कथिन दान दाता संघाराम विहार दाता पुच: ।

थाय्– आनन्दकुटी विहार स्वयम्भू । २०५८ मंसिर ९ गते ।

वर्षावास च्वनाबिज्या:पिं भिक्षुपिं– भिक्षु कुमार काश्यप महास्थविर प्रमुख मेपिं भिक्षुपिं । कथिन दान दाता– जुजुभाई, मंगल लक्ष्मी तुलाधर ।

थाय्– सुमंगल विहार यल । २०५८ मंसिर १० गते ।

वर्षावास च्वनाविज्या:पिं भिक्षुपिं– भिक्षु बुद्धघोष महास्थविर, भिक्षु शोभन ।

थाय्– सिद्धि मंगल विहार, ठसी । २०५८ मंसीर ११ गते

वर्षावास च्वनाबिज्या:म्ह भिक्षु प्रज्ञा कीर्ति ।

कथिनदान दाता विहारया उपासकोपासिकापिं ।

थाय्– मातातिर्थ दिव्याश्रम विहार । मिति २०५८ मंसीर १२ गते ।

वर्षावास च्वनाबिज्या:म्ह भिक्षु संघनायक भिक्षु अनिरूद्ध महास्थविर । कथिन दान दाता– प्रनिधिपूर्ण विहार बलम्बु ।

थाय्– यम्पी विहार, यल । २०५८ कार्तिक १३ गते ।

वर्षावास च्वनाविज्या:म्ह भिक्षु– भिक्षु भद्दिय । कथिन दान दाता– विहारया उपासक परिवार ।

थाय्– पाटी विहार, ठिमी । २०५८ कार्तिक १४ गते ।

वर्षावास च्वनाविज्या:म्ह भिक्षु– भिक्षु वर सम्बोधि । कथिन दान दाता– पाटी विहारया उपासक उपासिकापिं ।

थुगु थीथी कथिन दान कार्यक्रमय् सकभनं शीलप्रार्थना, बुद्धपूजा, धर्मदेशना व जलपान भोजन दान आदि कार्यक्रमत सम्पन्न जुल ।

थुगु विभिन्न कथिनदान कार्यक्रमय् धर्मदेशना याना बिज्या:पिं भिक्षुपिं थुकथं ख: ।

भिक्षु अश्वघोष महास्थविर, भिक्षु बोधिसेन महास्थविर, भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षु शोभित, भिक्षु भद्दिय, भिक्षु नन्द, भिक्षु कोण्डञ्ञ, भिक्षु उ सुजनपिय व भिक्षु सुमेध आदि ।

सबै भिक्षुहरूलाई व्यक्तिगत रूपमा कथिन चीवर दान दिने नियम हटाइयो । अनि भिक्षुहरू वर्षावास बसेको विहारमा भिक्षुसंघलाई कथिन चीवर दान दिने नियम बसालियो । भिक्षुसंघलाई प्राप्त भएको त्यस कथिन चीवर संघले चीवर प्रदान गर्न निर्णय गरिएको भिक्षुलाई मात्र दिन पाउने नियम बनाइयो ।

यसरी एउटा विहारमा वर्षको एकपटक मात्र कथिन चीवर दान गर्न पाइन्छ । पटक-पटक दान गर्न पाईंदैन । भिक्षुहरूमा उब्जिन सक्ने आशक्तिपना हटाउने र वैराग्य भावना जगाउने उद्देश्य राखी यो नियम बनाइएको हो ।

यसरी वर्षावास महोत्सव मनाउनुको थुप्रै उपलब्धीहरू रहेका देखिन्छन् । ती यसरी छन्-

**(१) श्रद्धा दान चेतना-**

विभिन्न विहारमा वर्षावास महोत्सव मनाउँदा विहार विहारमा धार्मिक कार्यक्रमहरूको आयोजना गरिन्छन् । उक्त कार्यक्रममा भिक्षु, गुरुमाँहरू र उपासक-उपासिकाहरूको जमघट भइरहन्छ । फलस्वरूप श्रद्धावान् व्यक्तिहरूलाई धार्मिक कार्यमा श्रद्धा उत्पन्न भई दान चेतनामा बृद्धि हुने मौका प्राप्त भइरहन्छ ।

**(२) भिक्षुसंघको महत्त्वमा बृद्धि-**

वर्षावासमा कथिन चीवर दान दिंदा व्यक्ति विशेषलाई नदिई भिक्षुसंघ (विशेष गरी पाँच जवान भिक्षुहरू संलग्न रहेको समूह) लाई दान दिनुपर्ने नियम भएकोले यहाँ पक्षपातको कुरो नै उठ्दैन । बुद्धले यसरी संघलाई बढी महत्त्व दिनुभएको हुँदा संघलाई दान दिन पाएकोमा दाताहरूले आफ्नो दान कार्यमा सन्तोषको अनुभव गर्न पाउँछन् ।

**(३) भिक्षुहरूलाई आफूले पालन गर्नुपर्ने नियम अनुस्मरण गर्ने मौका-**

वर्षावास बसी कथिन चीवर दान लिने बेला भिक्षुहरूले एक आपसमा आत्मालोचना गर्नुपर्ने नियम रहेको छ । आफूले जानी नजानी जति पनि नियमहरू उल्लंघन गरी गलतीहरू गर्न पुग्छन्, ती गलतीहरू संकोच नमानीकन संघ समक्ष पेश गर्नुपर्दछ । अनि संघले आइन्दा यस्तो गलती नदोऱ्याउन चेतावनी दिइन्छ । उक्त भिक्षुले भिक्षुसंघको यस चेतावनीलाई स्वीकार गरी गलती नदोहऱ्याउने प्रतिज्ञाका साथै आफूले गर्न पुगेको भूल स्वीकारी क्षमायाचना गर्ने नियम छ । वर्षावास नबसेको भए यसरी आफ्नो भूल स्वीकार गर्ने र गलती नदोहऱ्याउने प्रतिज्ञा गरी आफूलाई ठीक बाटोमा ल्याउने मौकाबाट बञ्चित रहनुपर्ने हुन्छ । त्यसैले वर्षावासले गर्दा भिक्षुहरूले अज्ञानतावस बिर्सन पुगेका विनय नियमहरूलाई सम्झने र आचरण सुधार्ने मौका प्राप्त भइरहन्छ ।

यी विभिन्न सकारात्मक उद्देश्यहरूको दृष्टिकोणले वर्षावासको महत्त्व सऱ्हाहनीय नै देखिन्छ । तैपनि बुद्धको व्यवहारिक शिक्षाले कथिन चीवर दान दिनुनैपर्छ भन्ने वाध्यता देखाएको छैन । उहाँले श्रद्धा दानलाई बढी महत्त्व दिनुभएको छ । त्यसैले हामीले पनि बुद्धको यस शिक्षालाई मनन गर्दै वर्षावास र कथिन दानलाई कर्मकाण्ड र बाध्यतामा बाँधिएको कार्यको रूपमा नलिई यसलाई समयानुसारको व्यवहारिक कार्यको रूपमा प्रयोग गर्दै यसको महत्त्वलाई चिन्न सक्नु परेको छ ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital